



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




पृष्ठ २ मा


● वर्ष १ ● अंक २९ ● २०७९ साल मंसिर २२ गते बिहिवार ● Thursday 8, Dec. 2022 ● पृष्ठ ८ ● मूल्य रु. ५/-



मित्र

पृष्ठ २ मा
प्रतिवेदन बुझाउन जनमतको निर्देशन

पृष्ठ ३ मा
अम्बेडकरको ६६ औं स्मृति दिवस मनाईयो

पृष्ठ ४ मा
वातावरणीय स्वास्थ्य: असर तथा व्यवस्थापन

पृष्ठ ५ मा
आलुको बजारीकरण जिम्मेवारी लिंदै "रामपुर नगरपालिका"

पृष्ठ ६ मा
संसद्को क्षेत्राधिकार माथी हस्तक्षेप

पृष्ठ ७ मा
फ्रान्सका सुपरस्टार एमबापेबारे ७ रो चक तथ्य

पृष्ठ ८ मा
सर्वसमतबाट कार्यसमिति चयन


# प्रतिनिधिसभामा ७ राष्ट्रिय दल नेपाली कांग्रेस ठूलो दल

## सत्ता गठबन्धन स्वतन्त्रसहित झिनो बहुमतको नजिक, सातै प्रदेशमा मिलिजुली सरकार

प्रतिनिधिसभा तथा प्रदेशसभा २०७९ को प्रत्यक्षतर्फको निर्वाचन परिणाम घोषणा भइसकेको छ। समानुपातिकतर्फको मतगणना सम्पन्न भई निर्वाचन आयोगले बन्दसूचीमा रहेका दलका उम्मेदवारहरूबाट प्राथमिकतामा रहेका उम्मेदवारको नाम पठाउन राजनीतिक दलहरूलाई बुधबार सूचित गर्देछ।

यस आम निर्वाचनको औपचारिक परिणाम घोषणाबाट आउने प्रतिनिधिसभा र प्रदेश सभा सदस्यहरूको संख्या आँकलन गर्दा दलहरूको स्थिति स्पष्ट भएको छ।

सम्पन्न निर्वाचन परिणाम अनुसार संघीय प्रतिनिधिसभाको कुल २ सय ७५ सदस्यमा ८९ पदमा नेपाली कांग्रेसले जित हासिल भएको छ भने नेपाल कम्युनिष्ट पार्टी एमाले ७८ पदमा निर्वाचित हुने भएको छ। प्रतिनिधिसभामा ५ जना स्वतन्त्र उम्मेदवारहरू विजयी भइसकेका छन् भने विभिन्न १२ दलको उपस्थिति हुने भएको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो आम निर्वाचनले संसदमा सरकार बनाउन आवश्यक बहुमत कुनै पनि दललाई दिएन तर निर्वाचनमा सँगै गएको सत्ता गठबन्धन आफू समर्थित स्वतन्त्रसहित झिनो बहुमतको नजिक पुग्न सफल भएको छ। सम्पन्न निर्वाचनमा प्रदेशसभातर्फ पनि कुनै पनि प्रदेशमा कुनै दल एक्लै बहुमतमा पुग्न सकेको छैन। ४ प्रदेशमा नेपाली कांग्रेस ठूलो दल भएको छ भने ३ प्रदेशमा नेकपा एमाले ठूलो दल भएको छ।

निर्वाचन परिणाम अनुसार संघीय नेपाल सरकारको प्रधानमन्त्री सात प्रदेशकै मुख्यमन्त्रीको निर्वाचनमा विभिन्न दलहरूबीच सत्ता गठबन्धन बन्नुपर्ने बाध्यात्मक स्थिति आइपरेको छ।

यो निर्वाचनले राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी जस्ता तीन नयाँ दललाई स्थापित गरेको छ भने पुरानो राष्ट्रिय प्रजातन्त्र पार्टीलाई राष्ट्रिय दलको रूपमा पुन:स्थापित गरेको छ।

समानुपातिकतर्फ प्राप्त मतको गणना प्रक्षेपण गर्दा नेकपा माओवादी प्रतिनिधिसभामा कुल ३२ पद पाएको तेस्रो ठूलो दलका हैसियतमा कायम भएको छ भने नवगठित राष्ट्रिय स्वतन्त्र पार्टी २० पद पाएर राष्ट्रिय दल र चौथो ठूलो दलका रुपमा स्थापित हुन सफल भएको छ।

**संघीय प्रतिनिधिसभा**

| राजनीतिक दल | प्रत्यक्ष | समानुपातिक | जम्मा |
|---|---|---|---|
| नेपाली कांग्रेस | ५७ | ३२ | ८९ |
| नेपाल कम्युनिष्ट पार्टी एमाले | ४४ | ३४ | ७८ |
| नेपाल कम्युनिष्ट पार्टी माओवादी | १८ | १४ | ३२ |
| नेपाल कम्युनिष्ट पार्टी ए. समाजवादी | १० | ० | १० |
| जनता समाजवादी पार्टी | ७ | ५ | १२ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ७ | १४ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ७ | १३ | २० |
| लोकतान्त्रिक समाजवादी पार्टी | ४ | ० | ४ |
| नागरिक उन्मुक्ति पार्टी | ३ | ० | ३ |
| जनमत पार्टी | १ | ५ | ६ |
| नेपाल मजदुर किसान पार्टी | १ | ० | १ |
| राष्ट्रिय जनमोर्चा | १ | ० | १ |
| स्वतन्त्र | ५ | ० | ५ |

प्रतिनिधिसभामा मधेशवादी भनिएका पुराना प्रमुख २ दलमध्ये जनता समाजवादी पार्टी कुल १२ पदमा खुम्चिएको छ भने लोकतान्त्रिक समाजवादी पार्टी ४ पदमा सीमित भएर राष्ट्रिय दलको हैसियत समेत गुमाउन पुगेको छ। जसपाले भने आफ्ना नेता उपेन्द्र यादवलाई गुमाए पनि राष्ट्रिय दलको हैसियत बल्लबल्ल जोगाएको छ।

यो निर्वाचनले नेकपा एमाले विभाजन गरी बनेको नेकपा एकीकृत समाजवादीलाई गठबन्धनको सहायताले प्रत्यक्षतर्फ १० पद मिले पनि न्यूनतम मतभार ३ प्रतिशत पुर्‍याउन नसक्दा राष्ट्रिय दलको हैसियत मिल्न सकेन।

पश्चिम तराइमा थारु समुदायको दलका रुपमा नागरिक उन्मुक्ति पार्टीलाई पनि यो निर्वाचनले अगाडि ल्याएको छ। यो दलको चुनाव चिह्नबाट ३ र समर्थनबाट १ स्वतन्त्रसहित ४ जना संघीय संसदमा पुग्ने भएका छन्।

प्रत्यक्षतर्फ १ सिट मात्रै जितेको जनमत पार्टी भने समानुपातिक तर्फबाट मतले गर्दा ६ जना संघीय सांसदसहित राष्ट्रिय दलका रुपमा प्रतिनिधिसभामा पुग्ने भएको छ।

पुराना कम्युनिष्ट पार्टी नेमकिपा र राष्ट्रिय जनमोर्चा विगतमा झैं १/१ पदमा संघीय संसदमा उपस्थित हुने भएका छन्, तर यी दुवै दल राष्ट्रिय दलको हैसियतमा उक्लन भने सकेनन्।

प्रतिनिधिसभामा जितेका ५ स्वतन्त्र मध्ये २ जना नेकपा माओवादीको समर्थनमा १ जना नागरिक उन्मुक्तिको समर्थनमा र १/१ जना नेपाली कांग्रेस र नेकपा एमालेबाट उम्मेदवादी नपाएर विद्रोह गरेर स्वतन्त्र उठ्नु भएकाहरू हुनुहुन्छ। निर्वाचन परिणामको घोषणा भई प्राप्त सिट संख्या र समानुपातिक मत भारको आधारमा प्रदेशतर्फ पनि दलहरूको हैसियत प्रक्षेपण गर्न सकिने भएको छ।

जस अनुसार प्रदेश एकमा कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी, राप्रपा र जसपाको उपस्थिति प्रदेशसभामा हुनेछ। प्रदेशसभाको कुल ९३ पदमध्ये नेकपा एमाले ४० पद पाएर ठूलो दल बन्ने स्थिति देखिन्छ भने कांग्रेसले प्रदेशसभामा २९ पद पाउने छ। यसैगरी माओवादी १३, समाजवादी ४, राप्रपा ६ र जसपा १ सिटमा प्रदेश सभामा पुग्नेछन्। प्रदेशमा एक दशमलव ५ प्रतिशत मत ल्याए पनि समानुपातिक प्रतिनिधित्व गर्न पाउने कानुन भएकाले समाजवादी र जसपा प्रदेश १ मा मान्यता प्राप्त दल हुन पुगेका हुन् । उता मधेश प्रदेशतर्फ मधेशवादी भनिएका दलको बदलामा यस पटक नेकपा एमाले र नेपाली कांग्रेस नै प्रमुख दलका रुपमा पुन:स्थापित हुन पुगेका छन्। मधेश प्रदेशको कुल १०७ पदमध्ये

- बाँकी पृष्ठ ६ मा

### पर्साका सामुदायिक विद्यालयमा चरम लापरवाही

# शिक्षक नआएपछि वडा अध्यक्षले पढाए

मधशेदृष्टि
वीरगंज, मंसिर २२



बीरगंज सहित पर्साका सामुदायिक विद्यालयहरुमा शिक्षकहरुको चरम लापरवाही देखिएको छ ।

पर्साको सदरमुकाम वीरगंजका अधिकांश सामुदायिक विद्यालयहरुमा शिक्षकहरु समयमा नआउँदा पठन पाठन अवरुद्ध हुने गरेको छ ।

समयमा विद्यालय अनुपस्थित वीरगञ्ज महानगरपालिका वडा नम्बर २० अपौनीमा रहेको नेपाल राष्ट्रिय आधार भूत प्राथमिक विद्यालयका प्रधानाध्यापक सहित ३ जना शिक्षकलाई महानगरपालिकाको शिक्षा शाखाकाले आज २४ घण्टे स्पष्टिकरण सोधेको छ । विद्यालयमा बुधबार विहान अनुगमनका लागि वडा नम्बर २० का वडा अध्यक्ष रामकिशोर सिंह पराग १० बजे पुगेको भए पनि शिक्षकहरु ११ बजे सम्म नआएपछि वडा अध्यक्ष परागले

- बाँकी पृष्ठ २ मा

### शिक्षकद्धारा छात्रा दुर्व्यवहार प्रकरण

# स्थानीय बासिन्दा र सुरक्षाकर्मीबीच झडप, ६ सुरक्षाकर्मी घाईते

विकास अग्रवाल
गौर, मंसिर २२



रौतहटको दक्षिणी भेगमा रहेको एक आधारभूत विद्यालयका बालबालिकाहरु बोरा बोकेर विद्यालय जान बाध्य छनु । रौतहटको फतुवाबिजयपुर नगरपालिका-२ मा रहेको श्री माध्यमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरु विद्यालय पढ्न आउँदा किताब, कपि सँगसँगै बोरा पनि साथमा बोकेर आउँछन् ।

उनीहरुले घरबाट बोकेर ल्याएको बोरा विद्यालय भित्र ओछ्याउँछन् र दिनभर त्यहीँ बोरामा बसेर पढ्छन् । चिसो भुँइमा बसेर पढ्दा विद्यार्थीहरु बारम्बार बिरामीप नि पर्ने गरेका छन् । विद्यालयमा अध्ययन गर्ने वातावरण नै नभएको विद्यार्थीको गुनासो छ । बस्ने ठाउँ समेत नहुँदा दैनिक समस्या भएको उनीहरू बताउँछन् । घरबाटै बोरा लगे मात्रै चिसो छल्न सकिने एक छात्रा बताउँछन् ।

'स्कुलमा डेस्क बेन्चको अभाव छ । त्यसैले हामी स्कुल जाँदा कापीकलम मात्रै बोकेर पुग्दैन, बोरा समेत लैजानुपर्छ,' उनले भनिन्, 'बोरा ओछ्याएमात्र चिसो बाट जोगिन्छ ।'

कक्षा १ देखि कक्षा ६ सम्म संचालन भइरहेको सो विद्यालयमा भर्खर नवनिर्मित दश कोठे भव्य भवन छ । नगरको योजना अन्तर्गत सो भवन निर्माण भएको हो । करिव ८ सय बिद्यार्थी रहेको सो स्कुलमा शौचालय समेत जिर्ण अवस्थामा छ । खाली रहेको स्कुलको चौरी समेत गोवर र फोहर फाल्ने ठाउँ बनेको छ । यसले बाल-बालिकामा असर पर्ने गरेको देखिन्छ ।

स्कुल परिसर भित्र बारम्बार

- बाँकी पृष्ठ २ मा

# हुलाकी सडक निर्माणको माग गर्दै चक्का जाम



मधेशदृष्टि
सर्लाही, मंसिर २१

सर्लाही सदरमुकाम मलंगवा नगरपालिका-६, मुसैलीका स्थानीयले हुलाकी सडक निर्माणको माग गर्दै बुधबार बिहानैदेखि चक्काजाम गरिरहेका छन् । अलपत्र अवस्थामा छाडिएको हुलाकी सडकको धुलोले हैरान भएको भन्दै स्थानीयले सडकमा टायर बालेर चक्काजाम गरिरहेका हुन् । स्थानीयले पटक-पटक आवश्वास पाउँदा पनि हुलाकी सडक कालोपत्रे नभएकाले बाध्य भएर चक्काजाममा उत्रनुपरेको स्थानियले बताएका छन् । बिहान १० बजेपछिबाट हुलाकी सडकमा सार्वजनिक सवारी चल्न सकेका छैनन् । आन्दोलित स्थानीयले ठेकेदार र उसको प्रतिनिधि आएपछि मात्रै चक्काजाम खुल्न दिने अडान लिइरहेका छन् । केही दिनअघि कौडेना बजारका स्थानीयले पनि चक्काजाम गरेका थिए । स्थानीयको प्रदर्शनपछि त्यहाँ सडक कालोपत्रेको थोरै काम भएको छ । वर्षौंदेखि जरजर अवस्थामा रहेको हुलाकी सडकमा अहिले कुहिरीमण्डल भएर धूलो उड्दा स्थानीय प्रभावित भइरहेका छन् ।




# वृन्दावननगरको प्रशासनिक भवन उद्घाटन



मधेशदृष्टि
रौतहट मंसिर २१।
रौतहटको वृन्दावन नगरपालिकाको थप भवननिर्माण भई सञ्चालनमा आएको छ। बुधवार नगरपालिकाका नगर प्रमुखविनोद प्रसाद कुर्मीले भवनको उद्धाटन गरे संगै सञ्चालनमा आएको हो।
पर्याप्त भवनको अभावमा कर्मचारीलाई कामकाज गर्न निकै समस्या हुँदै आइरहेको अवस्थालाई मध्यनजर गर्दै थप भवन निर्माण गरिएको नगर प्रमुख कुर्मीले बताए । सो भवनमा प्रशासन, राजस्व तथा दर्ता चलानी शाखा, सामाजिक सुरक्षा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा,रोजगार सेवा केन्द्र तथा लघुउद्यम शाखा, योजना तथा अनुगमन शाखा, प्राविधिक शाखा र शिक्षा युवा तथा खेलकुद शाखाको छुट्टै व्यवस्था गरिएको छ । भवनको उद्घाटन गर्दै उनले आफूले आफ्नो कार्यकालको सुरुवातमा सबभन्दा पहिला अव्यवस्थित रूपमा सञ्चालित नगर कार्य पालिका कार्यालय व्यवस्थित रूपमा सञ्चालन गराएको र अझै थप अन्य सुधारका कामहरु गर्न लागेको बताए । नगरपालिकालाई सुखी, सम्बृद्ध, र विकसित बनाउन आफू विकास निर्माण लगायत कार्यलाई समेत द्रुत गतिमा अगाडि बढाएको उनले दावी गरे । भवननिर्माण संगै सेवाग्राही तथा कर्मचारीहरुलाई सहज भएको छ। एउटै कोठामा थुप्रै शाखाहरू सञ्चालन गर्नुपर्दा दैनिक कामकाज गर्न कर्मचारीहरुलाई समस्या हुँदै आएको थियो भने नागरिकको समेत कामकाज प्रभावित हुँदै आएको थियो । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उपसचिव खिमबहादुर भुजेल, जनप्रतिनिधि, कर्मचारी लगाएतको उपस्थिती रहेको थियो ।

# गौंडाटारमा महायज्ञ शुरु

मुकेश कुमार साह
रौतहट, मंसिर २१ ।
रौतहटको चन्द्रपुर नगरपालिका वडा नं-३ गौंडाटारमा श्री कृष्ण प्रणामी मन्दिर (गोवर्धनधाम) गैंडाटारको निर्माण कार्यलाई पुर्णतादिने उद्देश्यले श्रीमद् तारतम सागर साप्ताहिक पाठ पारायण एवम् श्रीमद् भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ २०७९ शुरु भएको छ ।
सो महायज्ञमा श्री कृष्ण प्रणामी मन्दिर निजानन्दधामनजरपुर, रौतहटका संरक्षक गादिपती



१०८ श्री सुरेन्द्र महाराजजीको प्रमुख संरक्षकत्वमा भागवतचार्य पं.श्री पुरोषोतम खतिवडा शास्त्रीको मुखारविन्दबाट संगीतमय कथा वाचन हुने आयोजक अध्यक्ष प्रेण प्रसाद दुलालले जनाएका छन् । सो यज्ञमा उपवाचक पं. श्री सुदर्शन प्रसाद सापकोटा, पं. श्री मनोज पराजुली शास्त्रीजी एवम् वरिष्ठ कलाकार प्रसिद्ध भजनगायक पं. सुबास शास्त्रीजीको साथमा सञ्चालन हुने बताइएको छ ।
महायज्ञमा दैनिक जसो पूजा, जलधारा, पाठ, हवन, ध्यान, प्रवचनका साथै भजनकीर्तन हुने छ । महायज्ञको पहिलो दिनबुधबार कलशयात्रा निकालेर गौंडाटार गाउँ परिक्रमा गरिएको छ । तीन सय एक भक्तजन कलशयात्रा सहभागी रहेको थियो ।

# प्रतिवेदन बुझाउन जनमतको निर्देशन




मधेशदृष्टि
जनकपुरधाम, मंसिर २१ ।
जनमत पार्टीले चुनावी समीक्षाको प्रतिवेदन बुझाउन पार्टीका विभिन्न तहलाई निर्देशन दिएको छ ।
पार्टीका उपमहासचिव इन्द्रजीत यादवले सर्कुलर जारी गर्दै मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसम्बन्धी हरेक वडा समितिदेखि केन्द्रीय समितिसम्म समीक्षा बैठक राखेर मंसिर मसान्तभित्र केन्द्रीय सचिवालयमा प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।
सर्कुलरमा स्थानीय र प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा उम्मेदवार चयन प्रकृया, वडा, पालिका, जिल्ला, प्रदेश, केन्द्रीय समिति तथा भातृ संगठनका सदस्यहरूको भूमिका, सक्रियता र योगदान के-कस्तो रह्यो भन्ने विषयमा प्रतिवेदन तयार गरी प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ ।
पार्टीभित्रको कुन-कुन पक्षले निर्वाचनमा सहयोग वा असहयोग र घात-प्रतिघात गर्यो भन्ने विषयमा प्रतिवेदन केन्द्रित गर्न निर्देशन दिइएको छ ।

# छुट्टाछुट्टै घटनामा दुइजनाको मृत्यु

मधशेदृष्टि
सर्लाही, मंसिर २१ ।
सर्लाही ब्रह्मपुरी गाउँपालिका.-६ नौकिलवामा एक बालबालिकाको पोखरीमा डुबेर मृत्यु भएको छ ।मृत्यु हुनेमा देवशरण रायको अन्दाजी १० वर्षीया छोरी उषा कुमारी यादव रहेकी छिन् ।
घरबाट हराएकी उषालाई खोजतलास गर्दे क्रममा मंगलवार राती घरबाट ४०० मिटर पुर्वमा रहेको रत्नेश्वर रायको पोखरीमा डुबी मृत अवस्थामा स्थानीयले फेला पारेका थिए। घटनाको जानकारी पाउनासाथ पुगेको प्रहरीले प्रारम्भिक अनुसन्धान कार्य गरी लासको पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवा पठाईएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सुचना अधिकृत प्रनाउ. बिजय श्रेष्ठले जानकारी दिएका छन् । त्यस्तै जिल्लाको लालबन्दी नगरपालिका -१ नवलपुरमा तीन तले घरको बरण्डाबाट लडेर एक जनाएको मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषा जिल्ला गणेशमान चारनाथ नगरपालिका - ४ बिरेन्द्र बजार बस्ने अन्दाजी ५० वर्षीय भरतलाल लामा रहेका छन् । नवलपुर स्थित संजय कुश्वाहाको घरमा डेरा गरि बस्दै आएका लामा घरको बरण्डामा बस्ने क्रममा अचानक तल खसेर घाईते भएका थिए । उनलाई उपचारको लागि हरिवन स्थित नमुना अस्पताल लागिएकोमा उपचारको क्रममा मंगलवार रात पौने ९ बजे चिकित्सकले मृत्यु घोषणा गरेका प्रहरीले जनाएको छ ।

# नि:शुल्क आँखा शिविर सम्पन्न

मधेशदृष्टि
जनकपुरधाम,मंसिर २१
धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७ कनकपट्टीमा नि:शुल्क आँखा शिविर सञ्चालन भएको छ । जनकपुरधाम उपमहानगरपालिकाकोआयोजना र जानकी आँखा अस्पताल जनकपुरको सहयोगमा




सञ्चलित सो शिविरमा २२९ जनाको आँखाको परीक्षण गराउँदा ७६ जनामा मोतियाबिन्दु फेला परेको जनकपुरधाम उपमहानगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । मोतिया बिन्दुको समस्या देखिएका बिरामीको जानकी आँखा अस्पताल जनकपुरमा नि:शुल्करुपमा शल्यक्रिया हुने बताइएको छ । शिविरमा नि:शुल्क आँखा परीक्षण तथा नि:शुल्क औषधि वितरण गरिएको जनाईएको छ । शिविरबाट अति गरिब, विपन्न, दलित तथा पछाडि परेका समुदायको नागरिकलाई प्रत्यक्ष लाभ लिएका छन। जनकपुरधाम उपमहानगरपालिकाकानगरप्रमुख मनोज कुमार साहले उद्घाटन गरेको शिविरमा जनकपुरधाम उपमहानगरपालिकाका वडा नं.१७ का अध्यक्ष रामवृक्ष यादव , वडा नं. ९ का वडाध्यक्ष परमेश्वर साह, उपमहानगरपालिका स्वास्थ्य शाखाका कर्मचारीहरु , स्वास्थ्य चौकी कनकपटटीका स्वास्थ्यकर्मीहरु लगायतले बिरामीको आँखा परीक्षणमा सहजीकरण गरेको जनकपुरधाम उपमहानगरपालिका स्वास्थ्य शाखाले जनाएको छ । शिविरमा नेत्र अधिकृत एवम् प्राविधिक टोली प्रमुख रुदल प्रसाद साह नेतृत्वको समुहले आँखा परिक्षण गरेका थिए ।

## शिक्षक नआएपछि ..............................

पियनलाई घण्टी बजाउन लगाएर १ घण्टा आफैले कक्षा लिए । बालबालिकालाई पढाएको समाचार सार्वजनिक भएसँगै महानगरपालिकाको शिक्षा समितिले विद्यालयका प्रधानाध्यपक सहित ३ जना शिक्षकलाई २० घण्टे स्पष्टिकरण सोधेको छ ।
विद्यालयको वास्तविक अवस्था बुझ्ने उद्देश्यले वडा अध्यक्ष पराग १० बजे छड्के अनुगमनमा पुगेको र उहाँ पुग्दा विद्यालयमा कक्षा १ देखि ५ सम्म पढने १ सय ६० जना विद्यार्थी रहेको थिए । उनले शिक्षकहश्र कसैलाई नभेटेनन् । पीयनलाई साढे १० बजे घण्टी बजाउँन लगाएर आफैले पढाएको वडा अध्यक्ष पराग बताउँछन् । ५ वटै कक्षामा आएका विद्यार्थीको हाजिर गरेको र ११ बजे सम्म नआउने शिक्षकको हाजिर काटी दिएको बताउँदै वडा अध्यक्ष परागले ढिलो आउँने शिक्षकलाई घर जान चेतावनी दिएका थिए ।
सो विद्यालयका प्रधानाध्यापक वीरेन्द्रप्रसाद यादवले ससुरालीमा हनुमान आराधना भएकोले आफू विदामा बसेको बताएका छनु भने ११ बजे विद्यालय पुगेका सहायक प्रधानाध्यापक जय किशोर पाण्डेले आफू आउँन ढिलो भएको स्वीकार्दै अन्य शिक्षकहरु किन आएनन् सोको जानकारी नभएको बताएका थिए ।
विद्यालयमा ५ जना शिक्षक कार्यरत छन् ।
वडा अध्यक्ष परागले बुधबारनै विद्यालय सञ्चालनमा लापरबाही गर्ने प्रधानाध्यापक विरेन्द्रप्रसाद यादव सहित शिक्षकलाई कारबाहीका लागि वीरगञ्ज महानगरपालिकासँग माग गरेका थिए। वडा अध्यक्षको माग सँगै महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले उनीहरुलाई के कति कारणले विद्यालय नआएको हो ? कारबाही नगर्ने हो भने किन नगर्ने ? भनी २४ घण्टे स्पष्टीकरणको पत्र काट्का छन् । महाशाखा प्रमुख कर्णले अन्य वडाका वडा अध्यक्षले समेत महानगरपालिका मातहत पर्ने स्वास्थ्य संस्था, सामुदायिक विद्यालय लगायतका निकायको अनुगमन गरेर जानकारी गराउन आग्रह गरेका छन् । वीरगंज महानगरपालिका भित्र रहेका ९० वटा सामुदायिक विद्यालयको अनुगमनका लागि ३ जना शिक्षा अधिकृतलाई खटाएको कर्णले जानकारी दिए ।

## स्थानीय बासिन्दा र सुरक्षाकर्मीबीच................

गोवर र फोहर फाल्न मनाही गरी कसैले कुरा नसुनेको विद्यालयका प्रधानाध्यापक बुनिलाल यादवले बताए । विद्यालयको दयनीय अवस्थाबारे कसैले चासो नदिएको प्रधानाध्यापक यादवको गुनासो छ ।विद्यालयको अवस्थाका विषयमा नगरपालिकाको शिक्षा शाखा सहित कार्यवाहक नगरप्रमुख अम्बेया खातुन र प्रमुख प्रशासकिय अधिकृत शम्भु कुमार यादवलाई जानकारी दिएको हुँ। तर कसैले पनि यस विषयमा ध्यानदिनु भएन । “ उनले भने ।
मुख्यगरी यस विद्यालयमा विपन्न तथा दलित परिवारका बालबालिकाहरू अध्ययन गर्ने गरेको यादव बताउँछन् । स्कुलमा धेरै कम मात्रामा डेस्क बेञ्च छ । विद्यालयको स्रोत नभएकोले विद्यार्थीको लागि पर्याप्त डेस्क बेञ्च बनाउन नसकेको उनले बताए । विद्यालयमा डेस्क बेन्चको व्यवस्थागर्न स्थानीय तह वा अन्य सरकारी निकायलेहरूले विशेष ध्यान दिनुपर्ने उनको भनाई छ ।
यता आफ्नो बाल-बालिकाहरु चिसो भुईमै बस्न बाध्य भएको देखेर अभिभावकहरु स्थानिय निकाय प्रती आक्रोस पोख्छन् । ‘हुनेखाने र धनीका छोराछोरी निजी विद्यालय र सुविधा सम्पन्न विद्यालयमा पढ्छन् तर हामी गरिवका छोराछोरी भने भुइँमा बोरा ओछ्याएर पढ्न बाध्य छन’ एक अभिभावकले दु:खेसो पोखे ।
यस विषयमा वडा न.२ का अध्यक्ष अनिरूद्व प्रसाद यादव सँग बुझ्दा नगरपालिकाले उपलब्ध नगराएमा आफूले आगामी आर्थिक वर्षको बजेटबाट बिधालयको लागि बेन्च खरिद गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले विधालयमा देखिएको समस्यालाई हलगर्न आफु लागि पर्ने जनाए ।




## विदेशी विनिमय दर

**Fixed Rate**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

**Open Market Rates**

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 131.89 | 132.49 |
| EUR (European Euro) | 1 | 138.44 | 139.07 |
| GBP (UK Pound Sterling) | 1 | 160.62 | 161.35 |
| CHF (Swiss Franc) | 1 | 139.90 | 140.54 |
| AUD (Australian Dollar) | 1 | 88.59 | 88.99 |
| CAD (Canadian Dollar) | 1 | 96.90 | 97.34 |
| SGD (Singapore Dollar) | 1 | 97.19 | 97.63 |
| JPY (Japanese Yen) | 10 | 9.65 | 9.70 |
| CNY (Chinese Yuan) | 1 | 18.86 | 18.95 |
| SAR (Saudi Arabian Riyal) | 1 | 35.08 | 35.24 |
| QAR (Qatari Riyal) | 1 | 36.09 | 36.26 |
| THB (Thai Baht) | 1 | 3.76 | 3.78 |
| AED (UAE Dirham) | 1 | 35.91 | 36.07 |
| MYR (Malaysian Ringgit) | 1 | 30.01 | 30.14 |
| KRW (South Korean Won) | 100 | 9.98 | 10.03 |
| SEK (Swedish Kroner) | 1 | 12.72 | 12.77 |
| DKK (Danish Kroner) | 1 | 18.61 | 18.70 |
| HKD (Hong Kong Dollar) | 1 | 16.95 | 17.03 |
| KWD (Kuwaity Dinar) | 1 | 429.67 | 431.62 |
| BHD (Bahrain Dinar) | 1 | 349.84 | 351.43 |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोबारमा सफलता पाइएला। लाभदायक यात्रा होला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ। मालसामान हराउन सक्छ। ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ। सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला। सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ। पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। रमाइलो यात्राको सम्भावना पनि रहेको छ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ। घरमा अतिथिको आगमन हुनेछ। महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझमा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

# रिक्सामार्फत चपुरमा काठको तस्करी

मधशेदृष्टि
वीरगंज मंसिर २१ ।

पछिल्लो समय रौतहटको बनबाट ई रिक्सामा दाउराको नाममा साना साना काठका लाथ्रा चोरी तस्करी हुने गरेको छ। बजारमा यात्रु बोक्न छाडेर जंगलबाट दाउरा ओसार्ने ई रिक्साको संख्या चन्द्रपुरमा बढेको छ।

चन्द्रपुर नगरपालीका क्षेत्रमा चल्ने ई रिक्सा मजदुरहरुले यात्रु बोक्न छाडेर दाउरा बोक्न थालेका छन् । उनीहरुले दाउराको नाममा साना साना सालका काठ रिक्सामा ल्याएर चन्द्रपुर नगर क्षेत्रमा रहेको चिरान मिलमा बिक्री गर्दै आएको स्थानीयको भनाइ रहेको छ।

राजमार्गको चन्द्रनिगाहपुर लमाहा खण्डमा दाउरा राखेर ल्याउँदै गरेका थुप्रै ई- रिक्सा र अटोहरू भेटिने गरेका छन् ।



डिभिजन वन प्रमुख सुनील कर्णले जंगल प्रवेश गरी अवैध रूपमा सालको लाथ्रो काटेर ल्याउने ई-रिक्सा, अटोलाई नियन्त्रणमा लिएर कारबाही सुरु गरेको बताए । चन्द्रनिगाहपुरका केही ई-रिक्सा चालक दिनभरि यात्रु कुरेर ५ सय कमाइ नहुने भन्दै दाउरा लिन जाने गरेको बताउँछन । एक रिक्सा दाउराको चोक, बजारका होटल व्यवसायी र पाउरोटी कारखानाले २ हजारदेखि २५ सयसम्म दिने गरेको ई रिक्सा चालकहरुको भनाई छ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन इकाइ चन्द्रनिगाहपुरका पूर्वअध्यक्ष केदार तिमल्सिनाका अनुसार चन्द्रनिगाहपुर क्षेत्रमा ४ सयभन्दा बढी ई-रिक्सा र अटो संचालनमा रहेका छन् ।

# अम्बेडकरको ६६ औं स्मृति दिवस मनाईयो

मधेशदृष्टि
बीरगंज २१ मंसिर ।

अम्बेडकरको ६६ औं स्मृति दिवस आज काठमाण्डौमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाईएको छ।

जबसम्म तिमीले समान अवसर, स्वतन्त्रता र सामाजिक न्याय हासिल गर्न सक्दैनौं, कथित 'लोकतन्त्र'ले जुनसुकै हकअधिकार दिएपनि त्यो तिम्रो लागि कुनै कामको हुँदैन ।

यो भनाइ हो भारतका प्रसिद्ध विद्वान, संविधान निर्माता डा. भिमराव अम्बेडकर को । भारतीय समाजमा हरेक जाति, वर्ग र समुदायमा प्रिय रहेका डा. अम्बेडकर विश्वकै सबैभन्दा ठूलो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश भारतका संविधान निर्माता हुन् । अहिले भारत जुन विकास, उन्नति र समृद्धिको सपनासहित माहाशक्ति राष्ट्रको रुपमा उदय हुँदैछ, त्यो डा. अम्बेडकरद्वारा लिखित संविधानको जग र बलमा मात्र सम्भव छ।




आफ्ना क्रान्तिकारी सुधारवादी विचारका आधारमा विश्वभर परिचित डा आम्बेडकर नव भारतको निर्माणमा भुमिका खेल्ने एक एतिहासिक एवम सम्मानित राजनेता थिए । उनलाई कुशल अर्थशास्त्री, राजनीतिज्ञ र समाजसुधारकको रूपमा भारत बाहिर पनि स्मरण गर्ने गरिएको छ।

आज ६ डिसेम्बर २०२२ का दिन डा आम्बेडकर ले देहत्याग गरेको ६५ बर्ष बितेको छ। सन १९५६ मा आजै का दिन उनको परिनिर्बाण भएको थियो । यहि सन्दर्भमा राजधानि काठमाडौंमा आज राष्ट्रिय एकता अभियानले, डा आम्बेडकर को स्मरणमा एक कार्यक्रमको आयोजना गरेको छ।

आम्बेडकरको विचार र सिधान्तको गलत व्याख्यान भइरहेको भन्दै उनको स्वतन्त्रता, समानता र समावेशी सिधान्त को आधारमै सामाजिक सद् भाव कायम हुन सक्ने कथन कार्यक्रमका वक्ताहरूको थियो ।

सनातन धर्म भित्रको विकृति र विसङ्गति बिरुद्ध अभियान चलाएर धर्म र संस्कृतिको स्वच्छतामा योगदान दिएका डा आम्बेडकर लाई एक श्रेष्ठ मानवतावादी नेताको रुपमा स्मरण गर्दै आभियान का अध्यक्ष विनय यादवले सनातन धर्मको सबलता का लागि जातीय छुवाछूत लाई गम्भिर समस्याको रुपमा इगिंत गरेका छन् ।

छुवाछुत र भेदभाव सनातन धर्मको हिस्सा नरहेको यादवको भनाई थियो । र सामाजिक न्यायका लागि लड़ेका डा अम्बेडकर हाम्रा लागि प्रेरणा स्रोत रहेको उनको कथन थियो। आम्बेडकर को विचारलाई अपव्याख्यान गरेर केही समाज बिरोधी तत्वहरूले सनातन हिन्दू धर्म बिरुद्ध षड्यन्त्र गरिरहेको भनि त्यस्ताको प्रतिकार गर्नु नै अभियानको मुल उद्देश्य रहेको अध्यक्ष यादवले बताए ।

कार्यक्रमका प्रमुख अतिथि मधेशी आयोगकी सदस्य श्रीमती रेणु साहले राष्ट्रिय एकता अभियानको खुलेर प्रशंसा गरेकी छन् ।

राष्ट्रियता र मौलिक पहिचानका लागि लडिरहेका अभियान लाई नैतिक समर्थन र सहयोग रहने बताएकी छिन् । कार्यक्रममा अभियान का केंद्रीय सदस्य चन्द्र यदुवंशी,मिना देवी साह, युवा अभियनता राजीव देव, अभियान निकट विधार्थी परिषद का पप्पू यादव लगायत ले मन्तव्य राखेका थिए, कार्यक्रम संचालन सूरज रेग्मीले गरेका थिए ।

# छोटी भन्सार सञ्चालन नहुँदा रौतहटमा तस्करी बढ्दो

विकास अग्रवाल
रौतहट, मंसिर २१ ।

विगत लामो समय देखि छोटी भन्सार कार्यालयहरु सञ्चालन नहुँदा रौतहटको विभिन्न नाका बाट चोरी तस्करी बढेको छ।

सुरक्षाको कारण देखाई माओवादी द्वन्दकालमा विस्थापित बनेको छोटी भन्सार कार्यालयहरु सञ्चालनमा नआउँदा तस्करी कार्य बढेको हो । १५ वर्ष देखि बन्द रहेको छोटी भन्सार नाकाबाट झोलेपोके तस्करी देखि लिएर ठुल्ठुला तस्करी कार्य तीव्रताका साथ बढेको छ । माओवादी द्वन्दकालमा सुरक्षाको कारण देखाउँदै रामपुरखाप, औरैया, ब्रम्हपुरी र मठिया छोटी भन्सार कार्यालय गौर भन्सार कार्यालयमा मर्ज गरिएको थियो । सुरक्षा थ्रेट बढेपछि विस्थापित छोटी भन्सार मध्ये बंकुल छोटी भन्सार मात्र पछि सञ्चालनमा ल्याईएको गौर भन्सार कार्यालय रौतहटले जनाएको छ । बाँकी ४ वटा छोटी भन्सार हालसम्म बन्द रहेको छ। छोटी भन्सार कार्यालयको भवनमा अहिले शसस्त्र प्रहरीको बेश क्याम्प स्थापना गरिएको छ। शसस्त्र प्रहरीको बेश क्याम्प गरिएपनि उक्त नाकाबाट तस्करी नियन्त्रण हुन सकेको छैन। व्यापारीहरुले बन्द रहेको नाकाबाट राजस्व तिर्न खोजेपनि सदरमुकाम आउने झन्झटका कारण बाध्य भएर चोर बाटो भएर मालसमान भित्राउने गरेका छन् ।

मठिया र रामपुरखाप छोटी भन्सारबाट दैनिक भारतबाट भारतबाट नेपाल निकाशी हुने राँगा तथा पाडापाडी सुरक्षाकर्मीकै मिलेमतोमा नेपालको विभिन्न स्थानसम्म पुग्ने गरेको पाईएको छ । भन्सार तिरेर ल्याउन खोजेपनि सदरमुकाम नै धाउनु पर्ने अवस्था तथा दिनभरीको झन्झटिलो र समय लाग्ने गरेको कारण सुरक्षाकर्मीकै मिलेमतोमा सजिलै नेपाल भित्राउँने गरेको नाम उल्लेख नगर्ने शर्तमा एक व्यवसायीले बताउनुभयो । छोटी भन्सार कार्यालयहरु बन्द रहँदा खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक्सका समान लगायतका वस्तुहरुको तस्करी कार्य निकै फस्टाएको छ। सीमा नाकामा खटिएका सुरक्षाकर्मीहरु समेत तस्कर हरुसँग साठँगाँठ गरी अवैध रुपमा भित्रिएको मालसमानलाई सजिलै नेपाल प्रवेश गराउन मदत पुरयाउँदै आएका छन् । सीमा नाका क्षेत्रमा रहेको अधिकाँश बजारहरुमा भारतीय समानको बिक्री वितरणका कारण नेपाली व्यवसायीहरु समेत चिन्तित बन्न थालेका छन् । यता बन्द रहेको यी छोटी भन्सार कार्यालयहरु सञ्चालनमा आए तस्करी झनै बढ्ने गौर भन्सार कार्यालयका सूचना अधिकारी रेवती राम रोक्काले बताउनुभयो । विभागको पनि राणनीति रहेको छ सानो भन्सार नाका खुलाएर अझ तस्करी बढ्ने देखिएको छ उँहाले भन्नुभयो लक्ष्य दिएपनि पूरा गरेर राजस्व प्रभावित हुने काम हुन्छ । यस्ता भन्सार कार्यालय बिस्तारै बन्द गर्ने हो । अन्य स्थानमा पनि छोटी भन्सार कार्यालय बन्द रहेको समेत सूचना अधिकारी रोक्काको भनाई छ।

भारतीय बैरगनिया बजार हुँदै नेपाल भित्रिने सामानको गौर भन्सारले राजस्व लिने गरेको छ । गौर नाकाबाट समेत झोलेपोके तस्करी हुन्छ । तस्करी बढेपछि राजस्व प्रभावित बनेको गौर भन्सार कार्यालयका प्रमुख वासु नेपाल स्विकार्छन । चुहावट रोक्न नसकेर मासिक लक्ष्य अनुसारको राजस्व समेत असुली गर्न नसकेको उँहाले जानकारी दिनुभयो।

छोटी भन्सार कार्यालय सञ्चालनमा नआएर राजस्व नघटेको कार्यालय प्रमुख नेपाल बताउँछन् । जिल्लामा तस्करी बढ्न थालेपछि राजस्व असुलीमा प्रभाव परेको उँहाको भनाई छ । यता जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक विरबहादुर बुढा मगरले खुल्ला सीमा भएकोले पारिबाट चोर नाका हुँदै सानोतिनो समान भित्रिने गरेको बताउनुभयो । तर, राजस्व प्रभावित हुने खालको कुनैपनि वस्तु नियन्त्रणमा लिन्छौं एसपी मगरले भन्नुभयो भन्सारले पनि राजस्व चुहावट हुन नदिन योजना बनाउनु पर्छ।

# एमाले मधेश प्रदेश कमिटीमा चुनावको विषयमा समीक्षा

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २१ ।

भरखरै सम्पन्न भएको प्रतिनिधि सभा तथा प्रदेश सभाको चुनावमा नेकपा एमालेले मधेश प्रदेशमा प्राप्त गरेको उपलब्धिको विषयमा जनकपुरधाममा समीक्षा गरेको छ । प्रदेश स्तरीय समीक्षा बैठकमा प्रतिनिधि सभामा निर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा पार्टीका प्रदेश कमिटीका पदाधिकारीहरूको बीचमा सम्पन्न चुनावको समीक्षा भएको धनुषाको निर्वाचन क्षेत्र नं ३ को ख वाट निर्वाचित हुनु भएका प्रदेश सभाका सदस्य दीपेन्द्र ठाकुरले जानकारी दिएका छन।

प्रतिनिधि सभा तथा प्रदेश सभाको प्रत्यक्ष तर्फ मधेश प्रदेशमा नेकपा एमाले सबैभन्दा ठूलो पार्टी भएको छ। प्रतिनिधि सभामा ९ तथा प्रदेश सभामा १५ जना प्रत्यक्ष रुपमा निर्वाचित भए पनि समानुपातिकमा काँग्रेस भन्दा कम मत प्राप्त गरेको विषयमा पनि समीक्षा बैठक भएको छ । अगामी दिनमा समानुपातिक तर्फ पनि पहिलो पार्टी बनाउने विषयमा आजै देखि लाग्ने विषयमा पनि छलफल भएको पनि प्रदेश सभा सदस्य ठाकुरले बताए। मधेश प्रदेश कमिटीका अध्यक्ष रामअवतार यादवको अध्यक्षतामा भएको समीक्षा बैठकमा नेकपा एमालेका सचिव एवं मधेश प्रदेशका इन्चार्ज रघुवीर महासेठले प्रदेश कमिटीको सक्रियताका कारणले मधेश प्रदेशमा नेकपा एमाले प्रत्यक्ष तर्फ ठूलो पार्टी बन्नमा सफल भएकोमा सबैलाई धन्यवाद दिएका थिए । उनले निर्वाचनमा नेकपा एमाले प्रति जनताको विश्वास एवं भरोसामा खरो रुपमा उत्रनका लागि सबै निर्वाचित हुनु भएका प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरूलाई आग्रह गरे ।

प्रदेश कमिटीको अर्को बैठक पुस ९ गते हुने र त्यसमा अनिवार्य रुपमा सबै नव निर्वाचित प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरूलाई उपस्थितिका लागि बैठकले आग्रह गरेको छ । बैठकमा नव निर्वाचित हुनु भएका प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरूलाई दोसल्ला ओढाएर मधेश प्रदेशका इन्चार्ज एवं नव निर्वाचित प्रतिनिधि सभाका सदस्य रघुवीर महासेठले सम्मान गरेका थिए ।

# पराजयको समिक्षा गर्न महतो जनकपुरधाममा



मधेशदृष्टि
जनकपुरधाम, मंसिर २१ ।

मंसिर ४ गते सम्पन्न निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्बर-३ मा भएको पराजयका बारेमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले समीक्षा थालेको छ। समीक्षाका लागि लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो पनि जनकपुरधाम पुगेका हुन् । २०७४ को निर्वाचनमा धनुषा-३ बाट नेता महतोले चुनाव जितेका थिए । यसपटको चुनावमा महतोले सो क्षेत्र सोही पार्टीका कार्यकारिणी सदस्य अनिल कुमार झालाई छाडेर सर्लाही-२ बाट चुनाव लडेका थिए । तर धनुषा-३ मा झा र सर्लाही-२ मा महतो दुबैजना पराजित भए । नेता झालाई एमालेकी जुली महतोले पराजित गरेकी हुन् भने महतोलाई नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवले पराजित गरेका छन् । सत्ता गठबन्धनका साझा उम्मेदवार रहेका नेता झा कसरी पराजित भए भन्ने बारेमा समीक्षा भइरहेको बताइएको छ ।

# कानुन निर्माणमा जुट्यो प्रवर्द्धन समिति

मधेशदृष्टि
वीरगंज २१ मंसिर ।

वीरगंज महानगरपालिकाको आम सञ्चारमाध्यम प्रबर्द्धन तथा नियमन समितिको बुधबार बसको तेश्रो वैठकले बीरगंज महानगरपालिकाद्वारा पारित आम संचार ऐन २०७८ मा संशोधन गर्ने निर्णय गरेको छ । समितिका संयोजक ध्रुव अधिकारीको अध्यक्षतामा बसेको वैठकले समितिका सदस्य तथा पदाधिकारीबाट प्राप्त संशोधन सुझावको आधारमा विज्ञहरुको सुझाव समेत लिई ऐनमा आवश्यक संशोधन गर्ने निर्णय गरेको छ । महानगरपालिकाका कानुन शाखाका प्रमुख ईश्वर बराल र अधिवक्ता एवं संचारकर्मी रामनारायण कुर्मीलाई संशोधन मस्यौदा तयार गरी विधायन समितिमा पेश गर्ने जिम्मेवारी पनि तोकिएको छ।

वैठकले लोक कल्याणकारी विज्ञापन सूचना प्रवाह गर्न हाल सुचिकृत हुन आएका आम संचारहरुको छनौट नहुन्जेलसम्मका लागि महानगरपालिकामा पहिले दर्ता रहेका आम संचारमाध्यम मार्फत प्रकाशन, प्रसारण गर्ने निर्णय गरेको छ।

वैठकमा महानगरपालिकाका कानुन महाशाखा प्रमुख ईश्वर बराल, लेखा प्रमुख रुप नारायण राउत, रामनारायण कुर्मी, मुस्कान श्रेष्ठ, नवराज फुयाँल, माधुरी महतो, मनोज पटेल, अतिम अग्रवाल, आविद हुसैन, विरेन्द्र साह लगायतको सहभागिता रहेको थियो ।


क्षीरेश्वरनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा

**सूचना !** **सूचना !** **सूचना !**

यस क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ६ (साबिक सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. २) मा तत्कालिन श्री जिल्ला शिक्षा कार्यालय धनुषाको पत्र संख्या २०७२।०७३, चलानी नं. क२४७५, मिति २०७३।०३।३० को पत्रानुसार संचालन अनुमति प्राप्त श्री **दिक्षा इ. बो. स्कूल, सखुवा महेन्द्रनगर**को नाम परिवर्तन भई **सत्यम इन्टरनेशनल एकेडेमी धनुषा प्रा.लि.** भएको तथा उक्त विद्यालयको स्वामित्व **श्री महेन्द्र बहादुर खाती (सखुवा महेन्द्रनगर-२, धनुषा) को नामबाट श्री शैलेन्द्र प्रसाद साह (जनकपुर उ.म.न.पा. वडा नं १६) र श्री सरोज कुमार महतो (मुखियापटि मुसहरनिया वडा नं. ३) को नाममा हस्तान्तरण भएकोमा उक्त स्वामित्व हाल श्री शैलेन्द्र प्रसाद साह (जनकपुर उ.म.न.पा. वडा नं १६) को नाममा हस्तान्तरण भएको** साथै शैक्षिक सत्र २०७६ बाट उक्त विद्यालय यस स्थानिय तहबाट स्थानान्तरण भई **जनकपुरधाम उ.म.न.पा. वडा नं. २ मा** संचालन हुँदै आएकोमा **मिति २०७९।०२।०९ देखी जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ मा** संचालन हुँदै आएकोले उक्त विद्यालयबाट कोही/कसैले केही लिनु/दिनु पर्ने वा असुल उपर गर्नु पर्ने भएमा मिति २०७९।०९।२७ गते भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखा, महेन्द्रनगरमा नियमानुसार सम्पर्क गर्न हुन जानकारी गराइन्छ ।

शिक्षा, युवा तथा खेलकुद शाखा
महेन्द्रनगर, धनुषा

## सम्पादकीय

# गंभिर बनौं बालबालिकाको शिक्षामा

सरकारी स्कूलहरुको अवस्थाले मुलुकले बालबालिका प्रति कस्तो व्यवहार गर्दै छ र उनीहरु माथी कती लगानी गरिरहेको छ भन्ने तस्बीर बोल्छन् । त्यस्तै एउटा तस्बीर हो रौतहटको दक्षिणी भेगमा रहेको एक आधारभूत विद्यालय । विद्यालयमा अध्ययनरत बालबालिकाहरु घरबाट बोरा बोकेर स्कूल जान्छन्, त्यहीँ बोरा चिसो भुईमा ओछ्याउँछन् र अध्ययन गर्दछन् । रौतहटको फतुवाबिजयपुर नगरपालिका-२ मा रहेको श्री माध्यमिक विद्यालयको कथा होइन यो वास्तविकता हो ।

स्कुल परिसर भित्रको वातावरण झन विरत्त लाग्दो छ । गाइवस्तुका गोबर चौरमा जताततै हुन्छ । शौचालय, खानेपानी लगायतका पूर्वाधारमा पनि उत्तिकै गरिबी झल्कन्छ । त्यसो त स्कूलमा अध्ययन गर्न जानेहरु पनि मुख्य गरी विपन्न तथा दलित परिवारका बालबालिकाहरू छन्।

अभिभावकहरु पनि आफ्ना सन्तानले बोरा बोकेर गएको मन परेको छैन । स्थानीय सरकार समक्ष उनीहरुले पटक पटक आफ्ना भनाई राखिसकेका छन् । तर, सुनवाई कतैबाट भएको छैन । ‘हुनेखाने र धनीका छोराछोरी निजी विद्यालय र सुविधा सम्पन्न विद्यालयमा पढ्छन् तर हामी गरिवका छोराछोरी भने भुइँमा बोरा ओछ्याएर पढ्न बाध्य छन’ भन्ने कुरा स्थानियले धेरै पटक स्थानिय तहमा सुनाएको उनीहरु बताउँछन् ।

स्कुलमा धेरै कम मात्रामा डेस्क बेञ्च रहेकोले सबैलाई पुर्‍याउन नसकेको प्रधानाध्यापकको भनाई रहेको छ । प्रधानाध्यापक खासमा भौतिक पूर्वाधारको जिम्मेवार होइनन् । विद्यालयमा डेस्क बेन्चको व्यवस्थागर्न स्थानीय तह वा अन्य सरकारी निकायहरुको जिम्मेवारी हो । स्थानीय तहका जिम्मेवारहरु आउँदो वर्षदेखी बजेट छुट्याउने राजनीतिक भाषा बोल्ने गर्दछन् । कक्षा १ देखि कक्षा ६ सम्म संचालन भइरहेको सो विद्यालयमा भर्खर नवनिर्मित दश कोठे भव्य भवन छ । नगरको योजना अन्तर्गत सो भवन निर्माण भएको भएपनि डेस्क, बेञ्च जस्ता आधारभूम पूर्वाधारमा ध्यान दिएको देखिदैंन । वद्यालयमा करिव ८ सय विद्यार्थी अध्ययनरत छन् । बोरा बोकेर स्कूल जानुपर्नेमा साना कक्षाका विद्यार्थीहरु धेरै देखिन्छन् । आजका कलिला भोलीका कर्णधार भन्ने गरिन्छ । भोलीका कर्णधार माथी राज्यको लगानी कती र कस्तो छ त ? रौतहट फतवाविजयपुर एउटा उदाहरणमात्र हो । प्रत्येक वर्षको वार्षिक बजेटमा शिक्षामा सबै भन्दा धेरै बजेट छुट्याइने गरेको पाइन्छ । तर, उपलब्धीका मापकहरु सकारात्मक छैनन् । यस्ता सरकारी स्कूलहरु स्थानीय तह अर्न्तगत हुने भएकोले सबै भन्दा बढी जिम्मेवार स्थानिय तहनै हो । उसले कुनै पनि वाहनामा पन्छन् मिल्दैन ।

आजको जमानामा स्कूले नानीहरु किताब, कापी कलम सहित बोरा बोकेर स्कूल गइरहेको दृश्यले स्थानीय तहका जिम्मेवारहरुलाई लज्जा वोध हुनुपर्ने हो । तर, अधिकांश जनप्रतिनिधिहरुमा आफ्नै घरगाउँका समस्यालाई पन्छाउँदै जाने प्रवृती देखिन्छ । स्कूलहरु कुन अवस्थामा छन्, कसरी चलिरहेका छन्, त्यसको सम्पूर्ण तथ्य र विवरण नगरपालिकासँग हुनुपर्ने हो । स्तरिय शिक्षा प्रदान गर्ने कुरा राज्यको दायित्व भित्रको कुरा हो । तीन खालका सरकार छन् अहिले संघीय, प्रदेश र स्थानीय । यस मामलामा स्थानीय तह बढी जिम्मेवार छ । शिक्षा र बालबालिकाको अधिकार दुबै हिसावले साना नानीहरुलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । बाल्यकालमै मानिसले धेरै कुरा सिक्ने क्षमता राखेको हुनाले उनीहरुले हास्दै खेल्दैं रमाइलोसँग अध्ययन गर्ने व्यवस्था मिलाउनु पर्दछ । डेस्क, बेन्चको व्यवस्था गर्ने काममा फतुवाबिजयपुर नगरपालिका अघि बढोस् । धेरै ठूलो बजेटको विषय नभएकोले नगरपालिकाका लागि श्रोत व्यवस्थापन ठूलो समस्या नहोला । श्रोतको होइन संवेदनशीलता र गंभिरताको खाँचो देखिन्छ ।

# वातावरणीय स्वास्थ्य: असर तथा व्यवस्थापन

***वनले मात्रै वार्षिक १० करोड मेट्रिक टन कार्बन डाईअक्साइड ग्याँसलाई वायुमण्डलबाट सोसेर भण्डारण गर्ने गर्दछ जुन २ करोड गाडीहरुले फाल्ने वार्षिक कार्बन उत्प्रेषण भन्दा बढी रहन्छ । झन्डै ५० प्रतिशत कार्बन डाईअक्साइड वायुमण्डलमा रहन्छ र २५ प्रतिशत पृथ्वीको हरिया वनस्पतिहरुले प्रयोग गर्दछन् भने झन्डै २५ प्रतिशत कार्बन डाईअक्साइड समुद्रले सोसेर लिन्छ ।***

- डा. दीपा धिताल

समाजमा रहने मानिसहरु र वरिपरिका वातावरणको सम्बन्ध नै स्वस्थ्य र स्वच्छ रहन मद्दत गर्दछ, यसलाई नै साधारणतया वातावरणिय स्वास्थ्य भनिन्छ । यसबाट समाजलाई सुरक्षित राख्न र स्वच्छ रहन आवरण प्रदान गर्दछ । समाजमा रहनु मात्रै सबैभन्दा ठुलो विषय नभई, कुन तहको समाजमा रहने र कस्तो जीवन यापन गर्ने अनि समाजलाई कतातिर लैजाने भन्ने विषयमा व्यवस्थापन गर्नु चाहि सबैभन्दा महत्वपूर्ण सामाजिक दायित्व रहन्छ । वातावरणकासबैभन्दा महत्वपूर्ण आधारहरु जस्तै : सफा बस्ने ठाउँ, स्वस्थ्य खाना, स्वच्छ हावा, स्वच्छ र सफा पानी नै वातावरणिय स्वास्थ्यका मुख्य आधारहरु हुन्, जुन समाजमा रहने सबै जैविक वस्तुहरुका लागि अत्यावश्यक रहन्छ । वातावरणमा रहने भौतिक, रासायनिक, सामाजिक र मनोवैज्ञानिक कारक तत्वहरुले नै कुनै पनि वातावरणीय स्वास्थ्यलाई निर्धारण गर्दछ । त्यसैगरि कुनैपनि पर्यावरणको अस्तित्व रहनमा यसमा भएको वातावरणीय स्वास्थ्यको महत्वपूर्ण भूमिका रहने गर्दछ र यसमा रहेका जीवहरुको शक्ति प्रयोग र बाँच्ने आधार पनि वातावरण नै हो । वातावरण धेरै प्रकारका हुन्छन् जसमा प्राकृतिक वातावरण सबैभन्दा महत्वपूर्ण रहन्छ र यसमा सबैभन्दा बढि अर्थ राख्ने चाहि वातावरणीय स्वास्थ्य नै हो जहाँ हामी मानव जातिहरु रहने गर्दछौं ।

वातावरणका धेरै पक्षहरुले हाम्रो स्वास्थ्यमा असर पार्ने, वातावरणीय जोखिम जसमा घातक
रोगहरु निम्त्याउने र माहामारीहरु फैलाउने गर्दछ । विभिन्न प्रकारका दूर्घटना, प्राकृतिक
प्रकोप, सामाजिक विकृति जस्ता वातावरणीय भौतिक असरहरु हुन् भने विभिन्न प्रकारका रोगहरु लाग्नु र प्रदूषण बढ्नु रासायनिक वातावरणीय असरका कारकहरु हुन् । त्यसैगरि समाजमा विभिन्न विकृतिहरु देखिनु तथा फैलिदै जानु नै सामाजिक तथा मनोवैज्ञानिक वातावरणीय असरहरुका प्रभावका कारणहरु हुन् । विश्व पर्यावरणमा मुख्यतया जलवायु परिवर्तन र जैविक विविधताले असर गरिरहेको हुन्छ, जसबाट नै हाम्रो वातावरणीय स्वास्थ्य र समाजको स्फूर्तिको निर्धारण गर्ने गर्दछ । कुनैपनि पर्यावरणमा रहने निर्जिव र जैविक तत्वहरुको कारणबाट नै प्राकृतिक वातावरणमा असरहरु पर्ने गर्दछ । यसमा मुख्यतया जमिन, पानी र हावामा पर्ने असरहरुका कारक तत्वहरुमा शहरिकरण, विकासका लागि गरिएका प्राकृतिक श्रोतहरुको विनाश र जीवन यापनका फरक शैलीहरु पर्दछन् । त्यसैगरि समाजका गातिविधि, नेटवर्क (Network) र काम गर्ने तरिकाबाट पनि हाम्रो महत्वपूर्ण वातावरणीय स्वास्थ्यमा असरहरु पर्ने गर्दछ । विकासका लागि गरिएका क्रियाकलापहरु जस्तै १) वन विनाश २) जैविक विविधता विनाश ३) मरुभूमिकरण ४) ओजोन पातलिनु, हरितगृह ग्याँसको असर र तापक्रम बढ्नु र जलवायुमा परिवर्तन आउनु ५) फोहरमैलाको व्यवस्थापन नहुनु नै हुन् ।

समस्या वन विनाशबाट सिर्जित समस्याहरु विकराल हुदै गईरहेका छन् जसमा वायु प्रदूषण प्रमुख
हो । वायुमण्डलमा रहेको र पृथ्वीबाट सिर्जित कार्बन डाईअक्साइड (Carbon dioxide, $CO_2$)ग्याँसलाई वनस्पतिहरुले प्रयोग गरि (फोटोसिन्थसिस, उजयतयकथलतजभकक्ष प्रकृयाबाट खाना बनाउने) कार्बनको रुपमा वनस्पति र माटोमा भण्डारण गर्दछ जुन जीव जन्तुहरुले खानाको रुपमा प्रयोग गर्ने गर्दछन् । वनले मात्रै वार्षिक १० करोड मेट्रिक टन कार्बन डाईअक्साइड ग्याँसलाई वायुमण्डलबाट सोसेर भण्डारण गर्ने गर्दछ जुन २ करोड गाडीहरुले फाल्ने वार्षिक कार्बन उत्प्रेषण भन्दा बढी रहन्छ । झन्डै ५० प्रतिशत कार्बन डाईअक्साइड वायुमण्डलमा रहन्छ र २५ प्रतिशत पृथ्वीको हरिया वनस्पतिहरुले प्रयोग गर्दछन् भने झन्डै २५ प्रतिशत कार्बन डाईअक्साइड समुद्रले सोसेर लिन्छ । एशिया, अफ्रिका र दक्षिण अमेरिकामा ४० बर्षसम्म गरिएको अध्ययन अनुसार वायुमण्डलिय जीवाश्म इन्धन मध्येको करिब १८ प्रतिशत कार्बन डाईअक्साइड ग्याँस मात्रै ट्रपिकल जंगल (Tropical Forest) क्षेत्रहरु (१००० मी सतहभन्दा मुनिको जंगल क्षेत्र) ले प्रयोग गर्ने गर्दछन् । त्यसैगरि क्यानाडाको बोरियल वन (Boreal Forest) बाट मात्रै ८० प्रतिशत कार्बन माटोमा अर्गानिक कार्बनको रुपमा भण्डारण गर्ने गर्दछ । नेपालमा ट्रपिकल क्षेत्र (Tropical area) हरु प्रायः तराई, भावर र दुन उपत्यकामा पर्दछन् र विषेश गरि साल, पतझर (म्भअष्मगयगक ँयचभकत) र सदाबहार (Evergreen Forest) का जंगलहरु यस क्षेत्रमा पर्दछन् जुन वन जंगलको क्षेत्रफलको र घनत्वको हिसाबले अन्य क्षेत्रहरुको तुलनामा सबैभन्दा बढी हुन्छ । त्यसैगरि अन्य जंगल क्षेत्रहरुले पनि वायुमण्डलमा रहेको कार्बन डाईअक्साइड ग्याँसको प्रयोग गरि वातावरण सन्तुलन राख्नमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् ।

वनस्पति र जीवहरुको जैविक विविधताका कारण पर्यावरणबाट प्राप्त सुविधाहरु महत्वपूर्ण रहन्छन् । विभिन्न प्रकारका वनस्पतिहरु र प्राणीहरु रहनु नै पऱ्यावरणीय जैविक विविधता हो । समुद्र, वन जंगल, पहाड र हिमाल नै जैविक विविधताका मुख्य वासस्थान हुन् । विविधताका कारणबाट नै वातावरणीय स्वास्थ्यको निर्धारण हुन्छ । पर्यावरणमा एउटा स्थानको जीव अर्को स्थानको जीवमा निर्भर रहन्छ जस्तै : वनस्पतिहरुमा प्राणीहरु निर्भर रहने र प्राणीहरुमा पनि एक स्थानको प्राणीहरु अर्को स्थानको प्राणीहरुमा निर्भर रहने हुन्छ,
यो नै खानाको चक्र (food cycle) हो । कुनै एक स्थानको जीव वा वनस्पतिको घटबढ संग यिनमा निर्भर रहने जीवहरु र वनस्पतिको अस्तित्वको परिणाम थाहा हुन्छ । जैविक विविधताका कारण एकै प्रजातिका बिचमा प्रतिस्पर्धा घट्ने र यसको अस्तित्व जोगिने सम्भावना बढी रहन्छ । तर शहरीकरण तथा मानव क्रियाकलापको बढ्दो समस्यासंगै जैविक विविधताको कमी आउने र घट्ने क्रम जारि छ, जुन वातावरणीय स्वास्थ्यमा पर्ने ठूलो असरहरु मध्येको एक हो । यसमा वायुमण्डलीय परिवर्तन र जलवायुमा आएको असरहरुको परिणामले पनि मूख्य भूमिका खेलेको हुन्छ । जस्तै : तापक्रम बढ्दै जाँदा उक्त परिवर्तित तापक्रम सहन नसकि वनस्पति र जीवहरु क्रमशः लोप हुने र हुन नसकेकाहरु पनि केहि परिवर्तित भई तापक्रम सुहाउँदो ठाउँमा सर्दै जाने गर्दछन् । यसबाट बासस्थान परिवर्तन तथा साँघुरीयर जाने गर्दछ । यस प्रकारको परिवर्तनबाट जैविक विविधता घट्दै जाने र लोप हुने जीवहरुको संख्या बढ्ने हुँदा निर्भर रहेका जीवहरुमा पनि गहिरो असर पर्दछ र जीव वा वनस्पतिहरुको संख्यामा कमी आउने तथा जैविक परिवर्तन हुने गर्दछ, जसको असर दोहरो रहन्छ । वातावरणीय स्वास्थ्यका कारण र फरक प्रकारले जमिनको प्रयोग गर्दा जीव तथा वनस्पतिहरुको वासस्थानमा कमी आउने र उपयुक्त वातावरण नपाउँदा लोप हुँदै जाने क्रमसंग जमिनहरु मरुभूमिकरण हुने गर्दछ । यसका मुख्य तत्वहरुका रुपमा माटो, जमिन मूनिको पानीको भण्डारण, जमिन माथिको पानीका बहाब, मानव तथा जीव र वनस्पतिहरुको संख्या, आदि नै हुन् ।

> “शहरीकरण तथा मानव क्रियाकलापको बढ्दो समस्यासंगै जैविक विविधताको कमी आउने र घट्ने क्रम जारि छ, जुन वातावरणीय स्वास्थ्यमा पर्ने ठूलो असरहरु मध्येको एक हो ।

पानी पर्ने क्रममा कमी आउनु नै जंगल विनाश र खेती वालि नस्ट हुने हुँदा यसमा निर्भर जैविक वस्तुहरुको नाश वा वासस्थानमा परिवर्तन आउने गर्दछ । मरुभूमिकरण र जमिनको अत्यधिक प्रयोग बाट आउने असर भनेको नै आजको ठूलो वातावरणीय चुनौति हो र यसले विश्वलाई नै अझ बढि खतराको संकेत गरेको छ । तर्सथ, माटोको संरक्षण गर्नु नै सम्भावित भविष्यका खतराबाट जोगिनु हो ।

जलवायु परिवर्तन र वातावरणीय स्वास्थ्यमा परेको असरहरु संगै जैविक विविधतामा कमी आउनु र कुनै प्रकृतिक प्रकोपको सिकार बन्ने क्रममा एकै प्रजातिका वनस्पति तथा जीवहरुमा पर्ने असरहरुका कारण मरुभूमिकरणको शिकार बन्न पुग्दछ । समग्रमा मरुभूमिकरणको मुख्य आधारहरुमा प्रदूषित हावा, वन जंगल विनाश, जैविक विविधतामा कमि, जनसंख्या वृद्धि तथा जलवायु परिवर्तन नै मुख्य पर्दछन् ।

वायुमण्डलमा कार्बन डाईअक्साइड ग्याँसको मात्रा बढ्दै जाने क्रममा पृथ्वीमा आएको सूर्यको ताप पुनः पृथ्वीको सतहमा नै फर्केर जाने र सतहलाई तताउने प्रकृया नै हरितगृह असर हो । ओजोन तह पातलिदै जाने र हरितगृह असरको प्रभाव बढ्दै जाने क्रम वायुमण्डलको सबैभन्दा मुख्य नकारात्मक पक्ष हो भने कार्बन डाईअक्साइडको उत्प्रेषणसँगै तापक्रम वृद्धिको असरहरुबाट पृथ्वीको जलवायु परिवर्तनमा दोब्बर असर परेको छ । ओजोन तह पातलिनुबाट पृथ्वीको सतहको तापक्रम वृद्धि हुने तथा हानिकारक अल्ट्रभायोलेट किरणहरु (Ultra violetrays) को जीव तथा वनस्पतिहरुमा देखिने असरहरु बढि हून्छ । यसले पृथ्वीको सतहमा रहने जीव तथा वनस्पतिहरुको स्वास्थ्यमा ठूलो हानि पु-याउँदछ ।

एकातिर अत्यधिक मात्रामा इन्धन तथा ग्याँसको प्रयोग, धेरै मात्रामा मेशिनरि औजारहरुको प्रयोग र अर्कातिर वन जंगल र प्राकृतिक स्रोतहरुको विनाशका कारण वायुमण्डलमा कार्बन डाईअक्साइड ग्याँसको मात्रामा वृद्धि हुने हुँदा जलवायु परिवर्तन हुनमा अझ बढि टेवा पुगेको छ । पृथ्वीको सतहको तापक्रम वृद्धि (प्रत्येक १० वर्षमा ०.१८ डि.से) र पानी पर्ने तथा वर्षाको पानीको मात्रामा घटबढ जस्तै :तापक्रम बढ्नाले बढि मात्रामा पृथ्वीको

> “शहरहरुको खाका तयार पार्ने बेलामा धेरै नै अध्ययन र अनुसन्धानहरुको खाँचो पर्दछ, स्वच्छ, सफा र हराभरा शहर नै स्मार्ट सिटीको मेरुदण्ड हो भन्ने कुरामा हामी दुई मत रहन सक्दैनौ ।

*- बाँकी पृष्ठ ६ मा*

## फिचर

# किन असफल भइरहेको छ सहकारी क्षेत्र ?

सहकारी क्षेत्रले मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक आर्थिक र साँस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्नुपर्ने हो।तर सहकारी सम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रुपमा हुनसकेका कारण धेरै समस्या देखिएको छ।

राष्ट्रिय योजना आयोगको नेपालमा वित्तीय समावेशीकरण सम्बन्धी अध्ययन प्रतिवेदनका अनुसार सहकारी क्रियाकलापको सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोवार बढी देखिएकोले सहकारी क्षेत्रमा समस्या देखिएको छ। त्यसमाथि केही सहकारी संस्थाहरूमा सहकारी सिद्धान्त, मूल्य, मान्यताको अनुशरणको अवस्था एकदमै कमजोर छ। कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहेका छन्। अत्यधिक संख्यामा सहकारी संस्थाको विस्तार, दोहोरो सदस्यता, वित्तीय सुशासनको कमी जस्ता कारणले यस क्षेत्रमा वित्तीय जोखिम रहेको छ।

सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहित गर्ने रणनीति हो। गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने सहकारी क्षेत्रको रणनीति हुनुपर्ने हो । सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुत गर्ने र सहकारी शिक्षा, नेतृत्व विकास र व्यवस्थापन तालिमलाई व्यापक बनाउने रणनीति अगिकार गरिनु पर्ने हो।। त्यससँगै सहकारी क्षेत्रको एकीकृत अनुगमन प्रणालीको विकास गर्ने रणनीति हो। यसका लागि सहकारी संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनको पालनालाई थप प्रभावकारी बनाइनेछ, सहकारीको नियमन क्षेत्राधिकार अनुसार संघ, प्रदेश र स्थानीय तहबाट एकल तथा संयुक्त रुपमा अनुगमन प्रणाली विकास गर्ने सरकारको कार्यनीति नै छ। सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने सरकारको कार्यनीति नै छ। सहकारी संघसंस्थामा पारदर्शिता प्रवर्द्धन गरिने पनि सरकारी कार्यनीति नै हो।

यस्तै अर्को रणनीति कृषि, बायोग्यास प्लान्ट र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने हो। उद्यमशीलता विकास शीर्षक रणनीतिमध्ये एउटाले लघु, घरेलु तथा साना उद्योगमा वित्तीय पहुँच र लगानीको वातावरण सृजना गर्ने भनेको छ। समावेशीकरण राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकासको सोच र मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य सहित रणनीति सरकारको रहेको छ । यसका लागि मुलुकमा उपलब्ध स्रोतसाधनहरूमा लक्षियत वर्गको समानुपातिक पहुँच बढाउने पनि भनिएको छ। त्यसका लागि मुलुकमा उपलब्ध स्रोतसाधनहरूमा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुश्लिम समुदाय, अल्पसंख्यक लोपोन्मुख जाति तथा पिछडा वर्गका नागरिकको पहुँच बढाइनेछ कार्यनीति पनि बनाइएको छ । सीमान्तीकृत तथा पिछडिएका वर्गका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षियत कार्यक्रम सञ्चालन गरिने भन्ने कार्यनीति पनि बनाइएको छ ।

राष्ट्रिय योजना आयोगको नेपालमा वित्तीय समावेशीकरण सम्बन्धी अध्ययन प्रतिवेदनका अनुसार सहकारी ऐनको प्रस्तावनामा नै देशका कृषक, कालीगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पुँजी र एक शेयर एक प्रतिनिधित्व हुने प्रावधानमा एउटै ठूलो लगानी समूहले बैङ्क, सहायक कम्पनीको रुपमा इनभेष्टमेन्ट कम्पनी, बिमा कम्पनी, लघुवित्त वित्तीय संस्था, रियल स्टेट कारोबार सहितको खर्बौं रकमको सञ्जालले खोलेका काठमाडौं केन्द्रित बचत तथा ऋण सहकारी संस्थाहरुको जोखिमपूर्ण कारोबारले ग्रामीण र दुर्गम स्थानका सहकारी संस्थाको सानो आयतनको कारोबार ओझेलमा पारेको पाइएको छ ।

अध्ययन प्रतिवेदनका अनुसार कुल पुँजीले संस्थाको शिरोभारसहितको खर्च धान्ने आकारको अर्थात आर्थिक स्वनिर्भरता मापदण्ड लाई अनुपालना गर्ने हुनुपर्ने हुन्छ । सीमित क्षेत्रमा र आफ्ना सदस्यहरुबीच मात्र गर्न सक्ने सहकारी सिद्धान्त र कानूनी प्रावधानको कारणले गुणस्तरीय व्यवस्थापन, कम लागतको पुँजीको व्यवस्थाको लागि उच्च तहको प्रयास सम्भव नरहने संस्थाहरू जेनतेन सञ्चालनमा हुन्छन्। वित्तीय समावेशीकरण स्तरको सेवा दिन नसकिएको गुनासो पाइएको छ । विशिष्टीकृत निकायलेझैं सबै खाले जिम्मेवारी लिनुपर्ने सरकारी निकायले कुनै विशेष काममा श्रोत, साधन र समय केन्द्रित गर्न कठिन हुने वास्तविकतालाई पन्छाउन मिल्दैन ।

नेपाल सरकारको सहकारी विभागले सहकारी संस्थाहरूको रजिष्ट्रेसन गर्ने र नियमन पनि गरिरहेको (उदाहरण – शक्ति पृथकीकरण र चेक एण्ड ब्यालेन्स– चालक अनुमतिपत्र दिने र ट्राफिक जाँच निकाय फरक गरिएको) र नियमनको लागि विशेष दक्षतायुक्त सीप आवश्यक पर्ने भएकोले नियमन स्वतन्त्र, आवधिक र गहन हुन नसकेको हो । त्यसमाथि सहकारीको नियमन नियमित हुँदैन । उदाहरणको लागि, काठमाडौं उपत्यकाको शहरमा २०६७ सालमा स्थापित बचत तथा ऋण सहकारी संस्थाको हालसम्म एक पटक पनि स्थलगत निरीक्षण नभएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अध्ययन प्रतिवेदनका अनुसार सहकारी संस्थाको नियमन कमजोर रहेकोले सहकारी संस्थामा निक्षेपको रुपमा राखेको बचतनै डुबेको हो। सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउनु पर्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

श्रोत: आइएनएस-स्वतन्त्र समाचार



पूर्वी नवलपरासीको कावासोती नगरपालिका मध्यवर्ती क्षेत्रभित्र रहेका सामुदायिक वनमा लटरम्म फलेको जङ्गली बयर ।

तस्विर : राजु चापागाई/रासस

# आलुको बजारीकरण जिम्मेवारी लिंदै "रामपुर नगरपालिका"

रामपुर , २१ मङ्सिर

रामपुर नगरपालिका-६ की सीता देवकोटालाई खेतमा आलु खन्ने बेला भएपछि कसरी बिक्री गर्ने भन्ने चिन्ताले निकै पिरोल्थ्यो । उनले हरेक वर्ष करिब १० क्विन्टल आलु उत्पादन गर्छन् बजारमा कम मूल्यमा पठाइयो, बजारीकरणको राम्रो प्रबन्ध नहुँदा कहिलेकाहीँ लगानी नउठ्ने गरी बेच्नुपर्थ्यो, अब यस्तो समस्या भोग्न नपर्ने भएपछि किसानलाई धेरै सजिलो हुने भयो", उनले भने । किसान गौतमले नगरपालिकाको शीतभण्डारको व्यवस्था गरिएको रामपुर नगरपालिका प्रमुख रमणहादुर थापाले बताए । "किसानले उत्पादनमा जोड दिनुपर्‍यो, उत्पादित सामानले बजार नपाएमा त्यसको बजारीकरणको व्यवस्था नगरले गर्नेछ, दुई-चार किलो



। सबैका घर-घरमा एकैपटक आलु उत्पादन हुने समय एकै हुँदा बजारमा उनलाई झट्ट बिक्री गर्न समस्या हुन्थ्यो । कहिलेकाहीँ त घरमा भण्डारण गरेर राखिएको आलु टुसा उम्रने बेलासम्म नबिकेर त्यत्तिकै कुहाउनु पनि पर्थ्यो । अहिले भने रामपुर नगरपालिकाले किसानले उत्पादन गरेको खायन आलु बजारीकरणको प्रबन्धका गरिदिने भएपछि उत्साहित हुँदै आलुखेतीमा लागेका छन । "खेतमा आलु खन्ने बेला भएपछि कहाँ लगेर कसरी बेचौँ भन्ने समस्याले सधैँ सताउँथ्यो, धेरैपटक घरमै उम्रेर, कुहेर फाल्नुपरेको छ", उनले भने , "अहिले नगरपालिकाले बजारीकरणलाई सहज बनाउँदै बीउमा अनुदान दिएको छ, बजारीकरणको पिरलो नहुने भएपछि ढुक्कले खेतमा आलु लगाइएको छ ।"

उनले यस वर्ष करिब दुई क्विन्टल आलु लगाएका छन । उत्पादित आलुको बजारीकरण व्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिएपछि ढुक्कले आलुखेती लगाइएको उहाँले बताउनुभयो । रामपुर-७ बस्ने अगुवा आलु उत्पादक किसान यमकान्ती गौतमले यस क्षेत्रमा धेरै आलु उत्पादन गर्दै आएका छन । बर्सेनि गौतमले करिब एक सय क्विन्टल बीउ तथा खायन आलु उत्पादन गर्छन । धेरै आलु उत्पादन गर्ने उहाँलाई हरेक वर्ष बजारकै समस्या खड्किन्छ ।

उहाँले पाँच-सात वर्षदेखि व्यावसायिकरूपमा आलुखेती गरिरहनुभएको छ । "धेरै आलु उत्पादन भएपछि घरमा भण्डारण गरेर राख्ने ठाउँको अभाव, बजारमा झट्ट बेच्नै गाह्रो, समयमा नै रामपुरमा आलु नबिकेर बाहिरका विभिन्न अनुदान सहयोगमा छ रोपनी जग्गामा करिब साढे छ क्विन्टल खायन आलु लगाएका छन । बजार सहज भएमा आलु उत्पादनलाई अझै बढाउँदै जाने उनी बताउछन । खायन आलु उत्पादन कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा रु १५ लाख ५० हजार बराबरको रकम किसानलाई अनुदान दिइएको रामपुर नगरपालिका कृषि शाखा प्रमुख रामहरि पाण्डेयले बताए । "आलुको उत्पादन वृद्धि गरी आयस्रोत बढाउने, बाहिरबाट आयातित आलुलाई घटाउने, रोजगार सिर्जना गर्न नगरले किसानको मागको आधारमा आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सुरु गरिएको छ", शाखा प्रमुख पाण्डेयले भने ।

उनका अनुसार यस कार्यक्रममा करिब तीन सय किसान आबद्ध छन् । साढे तीन सय क्विन्टल खायन आलुको बीउमा ५० प्रतिशत किसानलाई अनुदान रकम उपलब्ध गराउने कार्यक्रमअनुसार किसान आफैँले बीउ खरिद गरेर लगाएका छन् ।

फस्ट च्वाइस फुड प्राइभेट लिमिटेड कम्पनी बुटवल बेलबासको सहकार्यमा रामपुर नगरपालिकाले खायन आलु उत्पादन कार्यक्रम सुरु गरेको छ । रामपुरमा उत्पादन भएको आलु सो कम्पनीले खरिद गरेर लैजाने सम्झौता भएपछि किसानले उत्साहित हुँदै आलुखेती लगाएका छन् । कार्डिनल, खुमल उज्वल, खुमल रातो, जनकदेव, टिपिएस जातका बीउ खरिद गरेर खेती गरेको किसानले बताएका छन् ।

किसानलाई आलु उत्पादनमा उप्रेरित गराउन अनुदान उपलब्ध गराउनुका साथै अन्यत्र बजारीकरणको प्रबन्ध र भण्डारण गर्न चाहेमा रामपुरमै तरकारी, फलफूल उत्पादन गरेर बजार पाइएन भन्नुभन्दा पनि ठूलो परिमाणमा उत्पादन गरेमा बजारको जिम्मा हामी लिनेछौँ", नगरप्रमुख थापाले भने । हराभरा महिला कृषि सहकारी, दियालो सामाजिक महिला उद्यमी कृषि सहकारी, कँडेलबारी कृषक समूह, तालपोखरा कृषक समूह, आत्मनिर्भर कृषक समूह, जनजागृति कृषक समूह, सातबिसे सेरा कृषक समूह, माझटोल कृषक समूह, नदी किनार कृषक समूह, शुभप्रभात महिला कृषक समूहले रामपुर नगरपालिकाको अनुदान सहयोगमा खायन आलुखेती गरेका छन् । यस वर्ष झण्डै तीन सय क्विन्टल आलुको बीउ किसानलाई अनुदानमा उपलब्ध गराइएको छ । खायन आलु उत्पादन कार्यक्रमअन्तर्गत नगरपालिकाभित्र करिब चार सय रोपनी क्षेत्रफलमा आलुखेती गरिएको छ । रामपुरमा करिब दुई हजार पाँच सय हेक्टर क्षेत्रफलमा आलुखेती गरिँदै आइएको छ । पछिल्ला वर्षमा रामपुरमा पालिकाले बीउमा अनुदान दिन थालेपछि आलुखेतीमा किसानको ह्वात्तै आकर्षण बढेको छ ।

छोटो समयमा खेती लगाएर धेरै उत्पादन गर्न पाइने आशामा धेरैले हिउँदयाममा व्यावसायिक आलु उत्पादनलाई जोड दिन थालेका छन । रामपुर क्षेत्रमा आलुको उत्पादन राम्रो हुन थालेपछि आयस्रोतको एउटा दरिलो माध्यम बनेको छ । रामपुरबाट बिक्रीका लागि अहिले तानसेन, पोखरा, बुटवल, नारायणघाट, काठमाडौँसम्म सडक सञ्जाल जोडिएपछि सवारीसाधनमा पठाउन सजिलो भएको छ । रासस

# बजारमा न्यायो कपडाको व्यापार बढ्यो

काठमाडौँ, २१ मङ्सिर

जाडो महिना सँगै बाक्ला न्यानो कपडाको व्यापार बढेको छ । उपत्यकाका व्यापारिक केन्द्रमध्ये निम्न र मध्यम वर्गका ग्राहकले किनमेलका लागि छनौटमा पर्ने भृकुटीमण्डप बजारमा गत वर्षको भन्दा यो वर्षको जाडो महिनाका न्यानो कपडाको व्यापार १० प्रतिशतले वृद्धि भएको छ । राजधानीको मुटुमा रहेको भृकुटीमण्डप बजारमा खेलौना, कपडा, भाँडाकुडा, जुत्ताचप्पल, इलेक्ट्रोनिक्स, रेडिमेड कपडालगायतका विभिन्न प्रकारका घरायशी सामग्रीको बजार रहेको छ । भृकुटीमण्डपमा निम्न वर्गीय समूदायले व्यापार बढी गर्ने गरेको व्यापार सङ्घका उपाध्यक्ष गोविन्द पौडेलले बताए । "दुई वर्षयता व्याल्याङकेट बिक्री हुने बताउँदै उनले विवाहको महिना सुरु भएकाले सारीको पनि व्यापार बढेको सुनाए । उनले पछिल्लो समयमा कपडाका मूल्य बढेर आएकोले ग्राहक मूल्य सुनेर मात्रै पनि फर्किने गरेको भन्दै गुनासो गरे । दुई/तीन वर्ष कोरोना महामारी र डेंगीले व्यापार मन्द भए पनि यो वर्ष व्यापारले गति लिएको कपडाको व्यवसाय गर्दै आएका ज्ञानबहादुर कार्कीले बताए । गर्मी मौसममा भन्दा जाडोमा कपडाको व्यापार बढी हुने गरेको उनको अनुभव छ । पसलमा राम्रो सामान राख्न नसक्दा व्यापार पनि राम्रो नभएको बजारमा व्यापार गर्दै आएको निशा श्रेष्ठले बताए । "सामानको मूल्य महँगिएको छ, सामान हाल्न सकेका छैनौँ, ग्राहक



कोरोना महामारीले ठप्प भएको बजारमा यसपटक भने व्यापार राम्रो भएको छ", उनले भने , "गत वर्षको तुलनामा यसपटक बजारको १० प्रतिशतले व्यापार वृद्धि भएको छ ।" बजारमा विशेषगरी निम्नस्तर र मध्यम वर्गका ग्राहकलाई लक्षित गरेर सामान ल्याइने उनले स्पष्ट पारे । ग्राहकले खोजेजस्तो सामान पाइनुलाई पनि व्यापार बढ्नुको कारण उनी मान्छन । जाडो बढेपछि बजारमा न्यानो कपडाको व्यापार बढ्न थालेको व्यवसायी सुशीला धमलाले बताए । १६ वर्षदेखि सोही स्थानमा व्यापार गदै आएको उनले भने ,"गत वर्षको तुलनामा यो वर्ष व्यापार बढेको छ, दैनिक २० हजारमाथि व्यापार हुन्छ ।" दुईवर्ष कोरोना महामारीको कारण खस्केको बजारको व्यापार अहिले बढेको उनको भनाइ छ । वगतका जाडो महिनाको तुलनामा यो वर्ष कपडा बिक्री बढी भएको २० वर्षदेखि कपडा व्यवसाय गर्दै आएका रोशन रौनियारले बताए । ग्राहकको भीड नबढेपनि व्यापार राम्रो भएको उनले बताए । दैनिक रुपमा एकदेखि पाँचवटासम्म फेन्सी टाइपको कपडा खोज्न आउँछन्," श्रेष्ठले भने , "ग्राहकले खोजेजस्तो सामान राख्न सकेका छैनौँ ।" पछिल्लो समयमा चाइनिज र नेपालमा उत्पादन भएका कपडा छुट्टाउनै नसक्ने उनको भनाइ छ । कपडा व्यवसायी रोहित धमलाले गत वर्षको तुलनामा यसवर्ष भृकुटीमण्डप बजारमा कपडाको व्यापार १५ प्रतिशतले बढेको जिकिर गरे । यो वर्ष नयाँ डिजाइनका कपडा बजारमा आएकाले पनि बिक्री बढी भएको उनको भनाइ थियो । भन्सारमा जस्तो कपडा हुन्छन् त्यस्तो कपडा ल्याउनुपर्ने व्यापारीको बाध्यता रहेको व्यापारी जनक थापाले बताए । सस्तो र राम्रो सामान पाउने भएकोले सधैँ भृकुटीमण्डपमा सामान किन्न आउने २१ वर्षीया विनिता थापाले बताए । कपडादेखि इलेक्ट्रोनिक्स सामानसम्म पाइने भृकुटीमण्डप बजारमा एक हजार दुई सय ६५ वटा स्टल रहेका छन् । बजारभित्र आठ सय ४४ वटा पसल सञ्चालनमा रहँदा ३० देखि ३५ हजार परिवार बजारमा आश्रित रहेको उपाध्यक्ष पौडेलले जानकारी दिए । रासस

# आयात रोक्न प्याजमा अनुदान



सहजपुर, २१ मङ्सिर

प्याज आयातमा सरकारले बर्सेनि करिब रु पाँच अर्बभन्दा बढी रकम खर्च गर्ने गरेको छ । नेपालमा भारत, चीन, बङ्गलादेशलगायतका मुलुकबाट प्याज आयात हुने गर्दछ । तीमध्ये सबैभन्दा बढी प्याज नेपालले भारतबाट आयात गर्दछ । भारतबाट मात्रै करिब ९० प्रतिशत प्याज नेपाल आउने गरेको जनाएको छ । कोरोना महामारीको समयमा भारत सरकारले प्याजको निर्यातमा प्रतिबन्ध लगाएपछि नेपालमा प्याजको अभाव चर्किएको थियो ।

स्वदेशमै प्याज उत्पादन गरी आयातमा रोक लगाउन कञ्चनपुरको कृष्णपुर नगरपालिकाले अनुदान कार्यक्रम ल्याएको छ । नगरपालिकाले प्याजको बीउमा ५० प्रतिशत अनुदान दिएर नगरभित्रका सबै कृषकलाई वितरण गर्न थालेको छ । प्याजको आयात रोक्न र नगरमै कृषकलाई आत्मनिर्भर बनाउन प्याजमा अनुदान दिइएको नगरपालिकाका प्रमुख हेमराज ओझाले बताए । उनले प्याजलाई व्यवसायीकरण गरी कृषकलाई स्वरोजगार दिलाउन पनि बीउ वितरण गरिरहेको बताए ।

"अहिले हामीले बीउमात्रै अनुदानमा वितरण गरेका छौँ", उनले भने , "आगामी वर्षदेखि यसलाई बृहत्रूपमा व्यवसायीकरण गर्न खोजिरहेका छौँ । जसमा कृषकले समूह बनाए थप अनुदान पाउनेछ ।" उनले अनुदानमा बीउ लगेर आफू खानलाई मात्रै नभई व्यवसायीकरण गरी आयआर्जनका लागि पनि उमार्न कृषकलाई आग्रह गरे । "नगरलाई प्याजमा आत्मनिर्भर बनाउन त्यसलाई व्यावसायिकरूपमा अगाडि बढाएमात्रै सम्भव छ", उनले भने , "त्यसैले आफ्नो आर्थिक स्रोत पनि बनाउने किसिमले प्याजको उत्पादन गर्नुहोला, व्यावसायिकरूपमा भए भोलिका दिनमा थप अनुदानका कार्यक्रम प्राप्त गर्न सक्नेछ ।" उनले नगरपालिकाले प्याजसहित च्याउ, गहुँ, धानलगायतका कृषि उत्पादनका लागि पनि अनुदान दिएको बताए । नगरपालिकाले प्याजको आयातमा कमी ल्याउन अनुदानमा बीउ वितरण गरिरहेको नगरपालिकाका कृषि शाखा प्रमुख लालबहादुर धामीले जानकारी दिए । उनले चालु आर्थिक वर्षमा मात्रै नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषकलाई रु तीन लाखको बीउ वितरण गरेको बताए । "प्याजको परनिर्भरतामा कमी ल्याउन हामीले बीउ वितरण गरिरहेका छौँ", उनले भने , "नगरबाट चालु आर्थिक वर्षमा मात्रै नगरपालिकाको रु एक लाख ५० हजार र सोहीअनुसार कृषकको गरी रु तीन लाख बराबरको बीउ वितरण गर्नेछौँ ।"

उनले चालु आर्थिक वर्षमा नगरका सबै वडाका कृषकलाई अनुदानमा बीउ वितरण गर्ने र आगामी आर्थिक वर्षदेखि पकेट क्षेत्रका रूपमा वितरण गरिने बताए ।

"अहिले यो पहिलो वर्ष भएकाले सबैलाई प्याजको बीउ वितरण गरिरहेका छौँ", उनले भने , "आगामी वर्षदेखि पकेट क्षेत्रका रूपमा विकास गरी आवश्यक क्षेत्रमा मात्रै वितरण गर्नेछाँ ।" उनले चालु आर्थिक वर्षमा भने किसानलाई मागका आधारमा प्याजको बीउ वितरण गरिरहेको बताए । उनले वडागतरूपमा प्याजको उत्पादन हेरेर पकेट क्षेत्र छनोट गरिने पनि बताए । यसअघि अन्य तरकारी तथा बालीका बीउ वितरण गरे पनि प्याजको बीउ भने नगरपालिकाले पहिलोपटक वितरण गरेको हो ।

नगरपालिकाले अनुदानमा दिँदा मङ्गलबार नगरपालिकामा प्याजको बीउ लिने नगरवासीको भीड लागेको थियो ।प्याजको आयात लगातार बढिरहेपछि कृषि मन्त्रालयले करिब एक दशकअघि 'मिसन प्याज' कार्यक्रम अगाडि सारेको थियो ।

देशभित्रै प्याजको उत्पादन बढाउन तराईका रुपन्देही, सप्तरी, सिरहा, रौतहट, बारालगायत जिल्लामा यो अभियान लागू गरिएको थियो । किसानलाई प्याजको उन्नत बीउबिजन, मल र सिँचाइमा अनुदानलगायत प्रोत्साहनको योजना यसले अगाडि सारेको थियो । तर बीउको अभावका कारण उक्त कार्यक्रम प्रभावकारी हुनसकेको थिएन । नेपालमा एक सिजनमा मात्रै उत्पादन हुने भएकाले पनि प्याजको आयात दिनानुदिन बढ्ने गरेको छ । नेपालमा प्रायः मङ्सिर-पुसमा रोपेर चैत-वैशाखमा उत्पादन हुने गरी एक मौसममा मात्र प्याज खेती गरिन्छ । यसरी उत्पादित प्याज अधिकांश घरायसी प्रयोजनमै प्रयोग हुन्छ । व्यावसायिकरूपमा उत्पादन गरी बजारमा पठाउने किसान कमै छन् ।

बीउ पाउँदा स्थानीय खुसी

नगरपालिकाले ५० प्रतिशत अनुदानमा बीउ वितरण गर्दा स्थानीय खुसी देखिएका छन् । वडा नं ५ की नवीना बडूले बजारमा महँगोमा पाइने प्याजको बीउ नगरपालिकाले अनुदानमा दिँदा खुसी भएको बताए । उनले नगरपालिकाबाट पाइएको बीउ उत्पादन गरी बिक्री वितरण गर्ने बताए । "प्याजको बीउ लगेर गएकी छु, यसको उत्पादन गरेर बिक्री वितरण गर्छु । बजारबाट किनेर खानुभन्दा आफैँले उत्पादन गरेपछि आफ्ना लागि पनि प्याज भइहाल्छ", उनले भने । सोही वडाकी स्थानीय पार्वती चौधरीले अनुदानमा बीउ पाउँदा आफू हर्षित भएको बताए । उनले अनुदानमा पाएको प्याज र च्याउको बीउलाई राम्रोसँग हुर्काएर आयस्रोतको माध्यम बनाउने बताए । यसैगरी वडा नं ६ का जनकबहादुर चौधरीले तरकारीका लागि नगरपालिकाबाट च्याउको बीउ लगेको बताए ।

उनले बजारमा महँगो मूल्यमा पाइने बीउ ५० प्रतिशत अनुदानमा पाउँदा खुसी लागेको बताए । नगरपालिकाबाट पाँच पोका च्याउको बीउ लग्नुभएका उनले आफू खान र बिक्री गर्न लगेको बताए । "पहिला बजारबाट किनेर लगाउने गर्थें", उनले भने , "अहिले नगरपालिबाट अनुदानमा पाएको छु, बजारभन्दा सस्तो पाउँदा एकदमै खुसी लागेको छ ।"
रासस

# रेष्टुरेन्टलाई स्तरीकरणको लोगो प्रदान

पोखरा, २१ मङ्सिर

लेकसाइडस्थित होटल तथा रेस्टुरेन्टलाई सूचकाङ्कका आधारमा स्तरीकरणको 'लोगो' वितरण गरिएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कास्कीले खाद्य स्वच्छताका आधारमा यहाँका होटल तथा रेस्टुरेन्टलाई स्तरीकरण तथा लोगो वितरण थालनी गरेको हो । रेष्टुरेन्ट एण्ड बार एशोसिएशन नेपाल (रेवान) र होटल एशोसिएशन नेपाल (हान) सहकार्यमा पोखराका १४ रिसोर्ट, होटल तथा रेस्टुरेन्टलाई स्तरीकरणसँगै लोगो वितरण गरिएको खाद्य अनुसन्धान अधिकृत दीपक कुँवरले जानकारी दिए । उनका अनुसार खाद्य स्वच्छताका आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ मा भएको व्यवस्थाअनुसार विभिन्न ५० सूचकलाई आधार मानेर होटल तथा रेस्टुरेन्टको स्तरीकरण मूल्याङ्कन गरिएको हो । एउटा सूचकलाई दुई नम्बर दिएर मूल्याङ्कन गर्दा ९० भन्दामाथि अङ्क ल्याउने होटलमा अति उत्तम (थ्री स्टारसहितको हरियो), ८०-८९ अङ्क ल्याउने उत्तम (टु स्टारसहितको हरियो), ६५-८९ अङ्क ल्याउने सन्तोषजनक (वान स्टारसहित हरियो) र ५०-६४ अङ्क ल्याउनेलाई सामान्य (पहेँलो) लोगो टाँसिने कुँवरले जानकारी दिए । सूचकाङ्कका आधारमा माउन्ट कैलाश, फ्रेस इलेमेन्ट, वरपीपल रिसोर्ट, होटल सरोवर, टेम्पल ट्रि रिसोर्ट र अतिथि रिसोर्टलाई उत्तम होटलले स्तरीकरण लोगो प्राप्त गरेका छन् । यस्तै मेट फाइभ, हवर क्याफे, प्याराडिसो, डुङ्गा रेस्ट्रो, मुन डान्स, होटल सहारा र होटल आइसल्याण्ड सन्तोषजनक होटलमा पर्न सफल भएका छन् ।उपभोक्ता मञ्च गण्डकी अध्यक्ष कपिलनाथ कोइरालाले पर्यटकीय सहरमा यो अभ्यासले गणस्तरीय सेवा प्रवाहमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । स्तरीकरणको लोगो प्रदान भएपछि अन्य होटल तथा रेस्टुरेन्टहरू पनि जिम्मेवार भएर यसतर्फ ध्यान दिने उनको भनाइ छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख शिवजी बरालले आफ्नो होटल तथा रेष्टुरेन्टमा स्तरीकरणको लोगो र प्रमाणपत्र राख्का लागि व्यवसायीबाट निवेदन आएका सूचकलाई आधार मानेर स्तरीकरण गर्न सकिने बताए । उनले अनुगमनका क्रममा सेवा प्रवाहमा देखिएका कमी-कमजोरी सुधार गर्न सुझाव दिने गरिएको बताए ।रासस

# संघीय संसद् भवन निर्माणमा कानून उल्लंघन

काठमाडौँ, २१ मङ्सिर
सरकारले विद्यालय शिक्षा क्षेत्र आयोजनाका लागि फिनल्याण्ड र नर्वे सरकारबाट प्राप्त हुने पाँच अर्ब ११ करोड अनुदान स्वीकार्ने भएको छ ।
सो अनुदानमध्ये फिनल्यान्ड सरकारबाट करिब रु दुई अर्ब ५४ करोड र नर्वे सरकारबाट करिब रु दुई अर्ब ५७ करोड प्राप्त हुनेछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीका अनुसार मङ्गलबारको मन्त्रिपरिषद्को बैठकले पोलियो भाइरस खोपको क्लिनिकल ट्रायलका लागि अनुमति दिने निर्णय गरेको छ । नगद लेखाप्रणालीमा आधारित वित्तीय प्रतिवेदनका लागि संशोधित नेपाल सार्वजनिक क्षेत्र लेखामान नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनमा ल्याउन स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ । बैठकले कर्मचारी सञ्चय कोषको प्रशासकमा जितेन्द्र धिताल (गोरखा)लाई नियुक्त गर्ने निर्णय गरेको छ । नेपाल सरकारद्वारा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधवार आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक हितका लागि आवश्यक सेवामा हड्ताल गर्न निषेध गर्ने सूचना राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिइयो । सरकारले किमाथाङ्का अरुण जलविद्युत्, धौवादी-मेघौली १३२ केभी प्रसारण आयोजना, लेखनाथ-दमौली २२० केभी प्रसारण आयोजना र मर्स्याङ्दी जलविद्युत् केन्द्रका लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही अघि चलाउने अधिकारी तोक्नेसमेत निर्णय गरेको छ ।
बैठकले सेती नदी जलविद्युत् आयोजना, तनहुँ जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन, टक्सार पिखुवा खोला जलविद्युत् आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने निर्णय गरेको छ ।
यसैगरी दूध पोखरी चेपे, माथिल्लो आँखुखोला, मेवा खोला, सुपर चेपे जलविद्युत् आयोजना तथा जलपादेवी केवलकार आयोजनाका लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्न दिने निर्णय भएको छ ।
सरकारले सिङ्गापुरमा हुने १७औँ एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एकनारायण अर्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृत दिएको छ । बैठकले तारागाउँ विकास समितिसम्बन्धी नियमावली बनाउन तथा लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधासम्बन्धी नियमावलीलाई स्वीकृति दिएको छ । रासस

# संसद्को क्षेत्राधिकार माथी हस्तक्षेप

काठमाडौँ, २१ मङ्सिर
नेपाल बार एसोसिएसनले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बन पत्रलाई निष्प्रभावी बनाएर सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप गरिएको निष्कर्ष निकालेको छ । बारका अध्यक्ष गोपालकृष्ण घिमिरे र महासचिव अन्जिता खनालले सार्वजनिक गर्नुभएको प्रेस विज्ञप्तिमा शून्यप्रभावित पत्र कार्यान्वयन नगर्न बारसम्बद्ध निकायको ध्यानाकर्षणसमेथ गराएका छन । बारले विगतमा एक सय नौ दिनसम्म न्यायपालिकाको समग्र सुधार, शुद्धीकरण र सुदृढीकरणका लागि प्रधान न्यायाधीश जबराको राजीनामा समेतको राखी निरन्तर आन्दोलनमा रहेको थियो । विज्ञप्तिमा भनिएको छ, सार्वभौम संसद्मा निर्णयार्थ पेश गर्ने गरी गरेको निर्णयलाई चुनौती दिँदै अविछिन्न उत्तराधिकारवाला सार्वभौम संसद्को मूल्य-मान्यताविपरीत आफ्नो पदीय हैसियतको ख्याल नगरी एक कर्मचारीबाट सार्वभौम संसद्को क्षेत्राधिकारमाथि हस्तक्षेप गरी निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर राणाको निलम्बनको पत्रलाई निष्प्रभावी भएको निष्कर्ष निकाल्दै पत्राचार भएको विषयमा यस एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । बारले नेपालको संविधान, ऐन, कानुन तथा संसदीय मूल्य-मान्यताको उल्लङ्घन भएको हुँदा सो पत्राचार गरिएको कार्यउपर नेपाल बार एसोसिएसन गम्भीर आपत्ति प्रकट गरेको छ । रासस

# निर्वाचनमा खटिएका अधिकांश कर्मचारीको काज फिर्ता

काठमाडौँ, २१ मङ्सिर
यही मङ्सिर ४ गते भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि खटाइएका अधिकांश कर्मचारीको काज फिर्ता भएको छ । निर्वाचनको प्रतिवेदन तयारीसँग सम्बन्धितबाहेक अधिकांश कर्मचारीको काज विभिन्न चरणमा गरी फिर्ता भएको हो । निर्वाचनको सबै मतगणना मङ्गलबार सम्पन्न भएको थियो । निर्वाचन आयोग र मातहतको कार्यालयका लागि विभिन्न मन्त्रालय र निकायबाट ल्याइएका कर्मचारीको काज फिर्ता गरिएको हो । संयुक्त निर्वाचन परिचालन केन्द्रमा कार्यरत गृह मन्त्रालयका सहसचिवसहित सुरक्षा निकायका अधिकारीलाई आयोगका सचिव गोकर्णमणि दुवाडीले आज धन्यवादसहित बिदाइ गरे । नेपालको संविधानको धारा २४७ मा आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने व्यवस्था छ। आयोगअन्तर्गतका कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्य विद्यमान दरबन्दीको जनशक्तिले मात्र नपुग हुने अवस्थामा वा विशेष प्रकृतिको दक्षता चाहिने कार्यका लागि आवश्यक हुने जनशक्ति विभिन्न सरकारी तथा सरकारी स्वामित्वका कार्यालयबाट काजमा ल्याई कार्य सम्पादन गरिएको थियो । आयोग वा अन्तर्गत रहेका कुल दरबन्दीका अतिरिक्त आवश्यकता र औचित्यका आधारमा विभिन्न कार्यालयबाट काजमा समेत आएका नौ सय जनशक्तिलाई परिचालन गरिएको थियो ।देशभरका ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा ८८ निर्वाचन अधिकृतको कार्यालयमा न्यूनतम नौ जना दरबन्दी स्वीकृत गरी सोहीअनुसार व्यवस्थापन गरिएको थियो ।

# औरही विद्यालयमा तालाबन्दी

मधेशदृष्टि/ सिरहा, मंसिर २१ ।
सिरहाको औरही गाउँपालिका ५ स्थित सुन्दर जनता माध्यमिक विद्यालयका विद्यार्थीहरुले विभिन्न माँग राख्दै तालाबन्दी गरेका छन्। विद्यार्थीहरुले नियमित पठनपाठन, तत्काल पाठ्पुस्तको व्यवस्था, अपुग शिक्षक पुर्ति लगायत माँग सहित बुधबार तालाबन्दी गरेका हुन् । विद्यालयमा करिव ८ महिनादेखि सामाजिक, नेपाली, शिक्षा, स्वास्थ्य लगातका विषयगत शिक्षकहरु नहुदा पठन पाठन नभएकोले आफुहरु वाध्यभई विद्यालयमा तालाबन्दी गर्नुपरेको कक्षा १० मा अध्ययनरत विद्यार्थी बलराम यादबले बताए । उनले यी विषयका शिक्षक नहुँदा वार्षिक 'एसईई' परीक्षा नजीकिएपनि पठन पाठन हुन नसकेको दुखेसो पोखे। आन्दोलीत विद्यार्थीहरुले अहिलेसम्म पाठ्यपुस्तक समेत नपाएको बताए। उनीहरुले भने, 'हामीले प्र.अ. लाई पटक-पटक पाठ्य पुस्तक र विषयगत पढाईको लागि अनुरोध गर्यौं कुनै सुनवाई नभएपछि तालावन्दीगर्न बाध्य भएका हौं।'
अव समस्या समाधान नभएसम्म विद्यालय नखुल्ने कक्षा १० मै अध्ययनरत विद्यार्थी प्रिन्स यादबले बताए। उनले भने, विद्यालय खुलेपनि पढाई हुने होइन, त्यो भन्दा बन्दै होस् ।' विद्यार्थीहरुले विद्यालयमा उचित खानेपानीको वयवस्था नभएको, नियमित पढाइ नभएको, सौचालय सरसफाइ नभएको, बिद्यालयमा मनपरी छुटी हुने गरेको, कपि जाँच नगरी हचुवाको भरमा मूल्याङ्कन गर्ने लगायतका आरोप लगाउँदै आएका छन् । विद्यालयका प्रधानाध्यापक इन्द्रदेव यादवले गाउँपालिकाले विद्यालयमा करार सेवाका शिक्षकहरुलाई म्याद थप नगरी नयाँ जनप्रतिहरुले विषयगत शिक्षकलाई हटाएपछि यो अवस्था सृजना भएको आरोप लगाए। उनले भने, 'पालिकाले शिक्षक त हटायो, तर विद्यालयको पठन पाठनका लागि थप शिक्षक व्यवस्था गर्न नसकिएपछि यो अवस्था आएको हो ।' औरही गाउँ पालिकाका प्रमुख प्रशासकिय अधिकृत रमेश नरायण शर्माले विद्यालयका समस्याहरु रहेको स्विकार गरे। उनले आफूले केहिदिन पहिलामात्र प्रशासकिय अधिकृतको जिम्मेवारी पाएको भन्दै विद्यालयका सवै समस्याहरु तत्काल समाधान गरिने बताए।

## संक्षेप समाचार

### महाभियोगको प्रस्ताव जीवितै छ

काठमाडौँ, २१ मङ्सिर
सरकारले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरामाथिको महाभियोगको प्रस्ताव जीवितै रहेको जनाएको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले महाभियोग सार्वभौम सम्पन्न संसद्को सम्पत्ति भएकाले आगामी प्रतिनिधिसभामा छलफल भएर यो विषय निर्णयमा पुग्ने स्पष्ट पारे । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा उनले भने , महाभियोगसम्बन्धी प्रस्तावमाथि प्रतिनिधिसभामा छलफल भई तयार भएको प्रतिवेदन अब गठन हुने प्रतिनिधिसभामा छलफल हुनेछ । यसअघि महाभियोगको प्रस्तावको प्रक्रिया निष्कर्षमा नपुगेको अवस्थामा नयाँ प्रतिनिधिसभाको निर्वाचनसँगै निष्प्रभावी भएको उल्लेख गर्दै सङ्घीय संसद् सचिवालयले सर्वोच्च अदालतलाई पत्र पठाएको थियो । महाअभियोग प्रस्ताव अघिल्लो प्रतिनिधिसभामा पेस भई प्रारम्भिक छलफल हुनाकासाथै सिफारिस समितिबाट प्रतिवेदन बुझाइएको थियो । तत्पश्चातको प्रक्रिया अगाडि नबढेको अवस्थामा यही मङ्सिर ४ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेको छ । गत फागुन १ गते सङ्घीय संसद्का महासचिवबाट प्रधानन्यायाधीश जबराले कार्यसम्पादन गर्न नपाउने भन्ने व्यहोराको पत्र निष्प्रभावी भएको भनी सचिवालयले पत्र पठाएको छ । प्रधानन्यायाधीश जबराले मङ्सिर २० गते नियमित कार्यसम्पादन गर्न पाउँ भनी सचिवालयमा निवदेन दिएका थिए । प्रधानन्यायाधीश जबरा यही मङ्सिर २७ गते अनिवार्य अवकास लिँदै छन ।रासस

### पत्रकारलाई उपचारमा छुट

काठमाडौँ, २२ मङ्सिर
नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेश र ललितपुर महानगरपालिका-१० कुपण्डोलस्थित प्यासिफिक मल्टिस्पेसालिटी क्लिनिकबीच स्वास्थ्योपचारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । महासङ्घका तर्फबाट प्रतिष्ठान प्रदेशका अध्यक्ष बालकृष्ण अधिकारी र क्लिनिकका तर्फबाट प्रबन्ध निर्देशक डा कजन रानाभाटले समझदारी पत्रमा हस्ताक्षर गरे । एक वर्षका लागि भएको सम्झौता २० मङ्सिर २०७९ देखि लागू भइसकेको छ । सम्झौताअनुसार प्यासिफिक मल्टिस्पेसालिटी क्लिनिकले नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेश र सबै प्रतिष्ठान शाखामा आबद्ध एक हजार चार ६७ पत्रकारलाई परिचयपत्रका आधारमा बहिरङ्ग सेवामा ५०, प्रयोगशाला परीक्षणमा ४० र औषधि खरिदमा १० प्रतिशत छुट उपलब्ध गराउनेछ । पत्रकारको विवरण प्रदेश समितिले क्लिनिकलाई उपलब्ध गराउनेछ । प्रतिष्ठान आबद्ध पत्रकारका आश्रित परिवारका तीन जनासम्म सदस्यलाई सूची उपलब्ध भएपछि सोही छुट उपलब्ध हुनेछ । क्लिनिकमा प्रजनन् स्वास्थ्य, कलेजो प्रत्यारोपण, स्त्री तथा प्रसूति, हाडजोर्नी, मधुमेह तथा थाइरोइड, ग्यास्ट्रोलोजी, मुटु, शल्यक्रिया, दन्त उपचार, मनोपरामर्श तथा उपचार, मिर्गौलासम्बन्धी उपचार, नाक, कान, घाँटी, बालरोग, स्नायु, टेस्टयुब बेबी, छालासम्बन्धी सेवा, फिजियोथेरापी, स्तन क्यान्सरको उपचार र सम्पूर्ण ल्याबसम्बन्धी सेवा उपलब्ध रहेको डा रानाभाटले बताए । महासङ्घका केन्द्रीय सदस्य मणि दाहालले समझदारीले खासगरी श्रमजीवी पत्रकारलाई गम्भीर स्वास्थ्य समस्या आउँदा उपचार र आर्थिक रुपमा राहत हुने विश्वास व्यक्त गरे । रासस

# गठबन्धनकै नेतृत्वमा स्थिर सरकार

काठमाडौँ, २१ मङ्सिर
सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सत्तारूढ गठबन्धनकै नेतृत्वमा स्थिर सरकार बन्ने बताएका छन । मन्त्रालयले बुधवार आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा सरकारका प्रवक्ता कार्कीले गठबन्धनको नेतृत्वमा सरकार निर्माण गर्नु मुलुकको आवश्यकता भएको र त्यो आवश्यकतालाई जनताले स्वीकृति प्रदान गरिसकेको बताए । अहिले गठबन्धनको सरकार बन्छ, गठबन्धन मुलुकको आवश्यकता भएको छ, त्यो आवश्यकतालाई जनताले स्वीकृति पनि प्रदान गरेका छन्, त्यसैले जनताको अपेक्षाअनुसार अब बन्ने गठबन्धनको सरकारले मुलुकलाई पाँच वर्षभित्रमा समृद्धिको दिशामा जाने आधार स्थापित गर्नुपर्ने छ, उनले भने । पछिल्लो समयमा मुलुकलाई राजनीतिक स्थिरता चाहिएको उल्लेख गर्दै उनले जनताको अपेक्षाअनुसार मुलुकले विकास र समृद्धिको गतिलाई तीव्रताका साथ अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । मन्त्री कार्कीले भने , दश वर्षभित्रमा कम्तीमा दक्षिण एसियाका सम्पन्न देशहरुमध्येमा नेपाललाई पनि पुऱ्याउने हाम्रो दायित्व हो, अबको पुस्ता आगामी १० वर्षभित्रमा धनी पुस्ता बनाउन हामी सबैले आ-आफ्नो ठाउँबाट इमान्दारिताका प्रतिबद्धता भएर काम गर्नुपर्नेछ, हामीसँग भएको जलस्रोत, पर्यटन, कृषि लगायतका स्रोतसाधनलाई अवसरका रुपमा अधिकतम उपयोग गरेर देशको सर्वाङ्गीण विकासका निमित्त अर्जुन दृष्टि लगाएर अगाडि बढ्नुपर्नेछ । त्यो दायित्व केवल राजनीतिक तहबाट मात्रै गरेर पूरा हुनसक्ने र त्यसका निमित्त स्थायी सरकार हुनुपर्ने उनको भनाइ थियो ।
मन्त्री कार्कीले संविधान जारी भएपछि प्रतिनिधिसभाको दोस्रो निर्वाचन सम्पन्न भएको सन्दर्भमा उल्लेख गर्दै आगामी पाँच वर्षभित्रमा जनताका अपेक्षा पूरा गर्नुपर्नेमा जोड दिए । सुनसरी निर्वाचन क्षेत्र नं ४ का जनताले विश्वासका साथ दिएको मत र प्रतिबद्धता पूरा गर्न आजकै दिनदेखि लाग्ने पनि उनले प्रतिबद्धता व्यक्त गरे । उनले सञ्चार मन्त्रालयले जनताका निम्ति अहिलेसम्म गरेका कामको समीक्षा गर्दै मन्त्रालयलाई अझ प्रभावकारी रुपमा समाजमा उपस्थित गराउने दायित्व पूरा गर्ने बताए । सञ्चार मन्त्रालयबाट गर्नुपर्ने केही काम उत्साहका साथ गर्नुपर्ने आवश्यकता छ, त्यसतर्फ ध्यान दिन मन्त्रालय मातहतका निकायहरु लाग्नुपर्नेछ, उनले भने । मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले जनताको मत जित्दै सुनसरी निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित भएकामा बिदाइ तथा शुभकामना व्यक्त गरे । रासस

# स्वच्छ पानी पुऱ्याउन चुनौती

काठमाडौँ, २१ मङ्सिर
बढ्दो जनसङ्ख्यालाई पर्याप्त स्वच्छ पानी, ऊर्जा र खाद्यान्न पुऱ्याउने काम चुनौतीपूर्ण रहेको यस क्षेत्रका विज्ञहरूले बताएका छन । मङ्गलबारदेखि यहाँ आरम्भ भएको पानी, ऊर्जा र खाद्यान्न अन्तरसम्बन्ध विषयक दुई दिने कार्यशालाका वक्ता तथा प्रस्तोता विज्ञहरूले सो कुरा बताउनुभएको हो ।
खानेपानी सचिव मणिराम गेलालले कार्यशालाको उद्घाटन गर्दै बढ्दो सहरीकरण र जनसङ्ख्याको वृद्धिले संसारभर खानेपानी, ऊर्जा र खाद्यान्नको माग बढिरहेको छ भने । कार्यक्रममा पूर्वमन्त्री गणेश साहले पानीको स्रोतहरूको संरक्षण, आकाशे पानीको सदुपयोग , नवीकरणीय ऊर्जाको उपयोग , थोरै पानीको प्रयोग गरी बढी अन्न उब्जाउने प्रविधि विकास गरेर यो क्षेत्रमा देखिएका चुनौतीको समाधान गर्न सकिने सुझाव दिए । पूर्वसचिव सुमनप्रसाद शर्माले बढ्दो जनसङ्ख्यालाई स्वच्छ खानेपानी, पर्याप्त स्वच्छ ऊर्जा र पोषणयुक्त खाद्यान्न पुऱ्याउन सम्बन्धीत पक्ष गम्भीर हुनुपर्छ भने । स्मार्ट वास सोलुसन्सका अध्यक्ष रामदीप साहले बढ्दो सहरी जनसङ्ख्याका लागि स्वच्छ खानेपानी, स्वच्छ ऊर्जा र पर्याप्त पोषिलो खाद्यान्न कसरी पुऱ्याउन सकिन्छ भनेर विकसित देशको अनुभव लिन कार्यक्रमको आयोजना गरिएको जानकारी दिए । एसियन वाटर काउन्सिल र के वाटरका जे डब्ल्यु लीले कोरिया वाटर (के वाटर)ले कसरी काम गरिरहेको छ भन्ने विषयमा प्रस्तुति दिएका थिए ।

## प्रतिनिधिसभामा ७ ……

२३ मा एमाले र २२ मा नेपाली कांग्रेस पुग्दा जसपा १६ र लोसपा ९ मा सीमित भएका छन् भने नयाँ दल जनमत पार्टी १३ पदमा उदाएको छ। यो प्रदेशमा स्वतन्त्र उम्मेदवारहरू ६ जनाले जितेका छन् ।
माओवादी ८ र समाजवादी ७ पदमा तथा संघीय समाजवादी नामक एक अर्को दल समानुपातिक मतबाट १ सिटमा प्रदेश सभामा पुग्ने देखिन्छ।
देशको राजधानी काठमाडौं उपत्यकासमेत रहेको बागमती प्रदेशसभामा नेपाली कांग्रेस ठूलो दल बनेको छ। प्रदेशसभाको कुल १ सय १० पद मध्ये कांग्रेसले ३७ पद पाउने स्थिति देखिएको छ भने नेकपा एमाले २७ पदमा र नेकपा माओवादी २१ पदमा पुग्नेछन्। बागमती प्रदेशमा राप्रपा १३ एकीकृत समाजवादी ७, नेमकिपा ३ र हाम्रो नेपाल पार्टी भन्ने एक अर्को सानो दलले २ पद पाउने भएको छ । उता पोखरा राजधानी रहेको गण्डकी प्रदेशमा पनि नेपाली कांग्रेस बहुमतको नजिक नजिक पुगेको छ। कुल ६० पदमा कांग्रेसले २७ पद हासिल गर्ने भएको छ भने एमालेले २२ पद र नेकपा माओवादीले ८ पद पाउने मतको अवस्था देखिन्छ। गण्डकीमा १ स्वतन्त्रसहित २ पदमा नेकपा समाजवादी र २ पदमा समानुपातिक तर्फबाट राप्रपा पनि पुग्ने छ।
सबैभन्दा धेरै दलको उपस्थिति हुने सभा बन्ने भएको छ, लुम्बिनी प्रदेश। यहाँ कुल ८७ पदमा ३ स्वतन्त्रसहित १० दलले निर्वाचन जितेका छन्। एमाले २९, र कांग्रेस २७ पद सहित प्रतिस्पर्धामा छन् भने माओवादी ९ पदमा खुम्चिएको छ। माओवादीको प्रभावक्षेत्र मानिने मध्यपश्चिमका पहाडी क्षेत्रसमेत पर्ने यस प्रदेशमा राप्रपा ४, जसपा ३, लोसपा ३, जनमोर्चा १ र एकीकृत समाजवादी १ पदमा पुग्नेछन् भने नयाँ दल नागरिक उन्मुक्तिले ४ र जनमतले ३ पदमा विजय प्राप्त गरेका छन्।
भूगोलको हिसाबले ठूलो तर जनसंख्याको हिसाबले सबैभन्दा सानो कर्णाली प्रदेशसभाका कुल ४० पदमा कांग्रेसले १४ र माओवादीले १३ पद पाउने भएका छन् भने एमालेले १०, राप्रपा र एकीकृत समाजवादीले समानुपातिकबाट १/१ सिट पद पाउनेछन्। कांग्रेसबाट विद्रोह गरेका १ जना स्वतन्त्रले पनि कर्णाली प्रदेशमा उपस्थिति जनाउनेछन् । प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गृहप्रदेश सुदूर पश्चिममा पनि कुनै पनि दलले प्रदेश सभामा बहुमत ल्याउन सकेनन्। कुल ५३ पदमध्ये कांग्रेसलाई १८, माओवादीलाई ११, एमालेलाई १०, नागरिक उन्मुक्तिलाई ८, एकीकृत समाजवादी ४, राप्रपा १ पदमा सो सभामा पुग्ने छन् भने १ पदमा स्वतन्त्रले जितेका छन्।
आम निर्वाचन २०७९ मा प्रतिनिधिसभातर्फ समानुपातिकमा खसेको मतमा सबैभन्दा धेरै अर्थात् २८ लाख ४५ हजार ६ सय ४१ मत नेकपा एमालले पाएको छ भने कांग्रेसले २७ लाख १५ हजार २ सय २५ मत पाएको छ। समानुपातिक मतमा ३ प्रतिशत थ्रेसहोल्ड क्रस गरेर राष्ट्रिय दल बन्न ७ दलमात्रै सफल भएका छन । निर्वाचन परिणामको औपचारिक घोषणाका लागि केही दिन लाग्ने भए पनि प्राप्त मतको आधारमा भएको सिट प्रक्षेपणको आधारमा सरकार निर्माणको गृहकार्यमा दलहरू सक्रिय भइसकेका छन् ।
***श्रोतः आइएनएस-स्वतन्त्र समाचार***

## वातावरणीय स्वास्थ्यः असर ……

सतहको पानी वाष्पिकरण (Evaporation) हुने र अधिक पानी पर्ने तथा समयमा पानी नपर्ने, वेमौसमी वर्षा तथा खडेरी पर्ने हुन्छ । यसको प्रत्यक्ष असर पृथ्वीमा रहेका जीव तथा वनस्पतिहरुमा पर्ने हुन्छ । तसर्थ, इन्टरगर्भमेन्टल प्यानल अन क्लाईमेट चेन्ज (Intergovernmental Panel on Climate Change, IPCC) का वैज्ञानिकहरुको भेलामा ४० देशहरुको सहभागिताबाट प्राप्त रिपोर्ट अनुसार अबको पृथ्वीको अनुरुप लिनुपर्ने कदमहरु र काम कारवाहिहरु शुरु गर्नु पर्ने कुराको निचोड निकालिएको छ ।
यस रिपोर्टमा जलवायु परिवर्तनसँगै पृथ्वीमा रहेका जैविक वस्तुहरुको स्वास्थ्य, खाद्य संकट,वासस्थानको परिवर्तन र सामाजिक असुरक्षाको वातावरण सिर्जना हुने संकेत गरिएको छ ।सबैभन्दा ठूलो अर्को वातावरण स्वास्थ्यमा पर्ने असर भनेको फोहरमैलाको उचित व्यवस्थापन नहुनु पनि एक हो । शहर विस्तारसँगै फोहरमैलाको मात्रामा वृद्धि हुने र यसको उचित व्यवस्थापनमा विस्तारै विस्तारै कठिनाइ आउँदै जाने अनि समयमा नै फोहरमैलाको व्यवस्थापन गर्न पहल गरिएन भने यसले विकराल रुप लिन्छ र ठूलो समस्या सिर्जना गर्दछ ।यसको लागि समयमा नै फोहरमैला जम्मा गर्ने, ओसार पसार गर्ने, पुनः प्रयोग तथा फोहरमैलाको परिमाणलाई घटाउने तथा उचित रुपमा डिस्पोजल (Disposal) गर्ने काम राम्ररी गर्नु पर्दछ । फोहरमैलाको उचित व्यवस्थापन नहुँदा जैविक तथा अजैविक फोहरहरुबाट जीव र वनस्पतिहरुको स्वास्थ्यमा धेरै नै असरहरु पर्न जान्छ। अध्ययनमा घर घरबाट निस्कने जैविक फोहर ५६ प्रतिशत, प्लाष्टिक फोहर १६ प्रतिशत र कागजजन्य फोहर १६ प्रतिशत निस्कने देखिएको छ जसमा केहि औधोगिक फोहरहरु पनि पर्दछन् । फोहरमैलाको व्यवस्थापनमा सामाजिक जनचेतनाको महत्वपूर्ण भूमिका रहन्छ । वातावरणीय स्वास्थ्यमा परेको असरहरु संगै विभिन्न प्रकारका समस्याहरु जस्तै : जीव र वनस्पतिहरुको स्वास्थ्य र भौतिक, सामाजिक र वातावरणीय प्रभाव पर्ने हुँदा यसको ठूलो भूमिका रहन्छ ।सबैभन्दा बढि प्रभाव जनसंख्या वृद्धिको कारणबाट हुन्छ भने यसबाट सिर्जित समस्याहरु नैवातावरणीय स्वास्थ्यमा परेको असरहरुको कारक सूचकहरु हुन् । वास्तवमा वातावरणीयस्वास्थ्यमा परेको ह्रास र कमीको बारेमा जान्न नै मानव जातीहरुलाई १९९० दशक तिरकोवर्ष कुर्नु पऱ्यो ।
व्यवस्थापन विभिन्न विषयहरु छुट्याई वातावरणीय स्वास्थ्यका बारेमा अध्ययन र अनुसन्धान गरिन्छ । यो एउटा अति नै कठिन विषय पनि हो, जसमा विभिन्न पाटाहरु समावेश गर्नुपर्ने हुन्छ जस्तै : हावाको गुणस्तर (Air quality), जैविक सुरक्षा, जोखिमको पूर्व सुरक्षा, जलवायु परिवर्तन र असरहरु, खाद्य सुरक्षा, जोखिमयुक्त सामानहरु र प्रयोग, फोहरमैलाको पुनः प्रयोग र व्यवस्थापन, साउण्ड पोलुशन (क्यगलम उर्यीगितष्यल), औद्योगिक स्वास्थ्य, विकिरण स्वास्थ्य, शहरिकरण र व्यवस्थापन तथा जनस्वास्थ्य, आदि हुन् । यस्ता विभिन्न वातावरणीय स्वास्थ्यका लागि चाहिने विषयहरु समाविष्ट भौतिक, रासायनिक, जैविक र सास्कृतिक अध्ययन अनुसन्धान, उचित प्रयोग र व्यवस्थापन गरिएमा मात्रै कुनै पनि शहर वा समाज बसोबास योग्य हुन्छ र आत्मनिर्भर रहने गर्दछ । हालसालै मात्र स्मार्ट सिटी (Smart city) को अवधारणाहरु ल्याइएका छन् । जसमा कुनैपनि शहरलाई आधुनिक र सुविधा सम्पन्न बनाउने भनिएको छ, जुन एक प्रकारको विकासको लागि राखिएको नव अवधारणा पनि हो । अब हुने स्मार्ट सिटीहरुका लागि माथि उल्लेखित वातावरणिय स्वास्थ्यका बारेमा अगाडिबाट नै सोच्नुपर्ने हुन्छ । अब हामीले कल्पना गर्ने नयाँ अवधारणा अनुरुपको स्मार्ट सिटीहरु अत्याधुनिक र सुविधा सम्पन्न हुनुका साथै वातावरणिय रुपमा स्वस्थ्य र सुरक्षित रहनु पर्दछ, जसमा धेरै मात्रामा खुला ठाउँहरुको पनि व्यवस्था रहनु पर्दछ । आधुनिकिकरणका नाममा प्रकृति र प्राकृतिक सम्पदाहरुको विनाश गरिन्छ र मेसिनरी औजारहरुको अधिक प्रयोग गरिन्छ, जसबाट तत्कालै शहरहरु भौतिक रुपमा बसोबास सहज र सुगम त हुन्छ नै, तर यसबाट समयको अन्तरालसँगै वातावरणिय स्वास्थ्यमा नकारकत्मक असर पर्न जाने पनि हुन्छ । तसर्थ, यस्ता शहरहरुको खाका तयार पार्ने बेलामा धेरै नै अध्ययन र अनुसन्धानहरुको खाँचो पर्दछ, स्वच्छ, सफा र हराभरा शहर नै स्मार्ट सिटीको मेरुदण्ड हो भन्ने कुरामा हामी दुई मत रहन सक्दैनौ । (धिताल : नास्टका बरिष्ठ बैज्ञानिक अधिकृत हुन्)
साभार : विज्ञान लेखमाला, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)




# चीन–जापान सहकार्यमा विदेशमन्त्री वाङको जोड

बेइजिङ, २१ मङ्सिर
चीनको राज्य परिषद्का सदस्य एवम् विदेशमन्त्री वाङ यीले नयाँ युगको आवश्यकता पूरा गर्ने द्विपक्षीय सम्बन्ध निर्माणका निम्ति चीन र जापानले सहकार्य गर्नुपर्नेमा जोड दिनुभएको छ। चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य समेत रहेका वाङले १८औँ बेइजिङ-टोक्यो फोरमको उद्घाटन समारोहमा भिडियो सम्बोधन गर्दै एसियाको विकास र पुनरुत्थानका लागि दुवै देशले संयुक्तरूपमा मिलेर काम गर्नुपर्ने बुधबार बताए । यो वर्ष चीन-जापान कूटनीतिक सम्बन्ध कायम भएको ५० औँ तथा आगामी वर्ष चीन-जापान शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भएको ४५औँ वर्षमा प्रवेश गर्ने सन्दर्भमा विदेशमन्त्री वाङले दुवै पक्षले यी वार्षिकोत्सवका अवसरलाई द्विपक्षीय सम्बन्ध अझ दिगो र स्थिर बनाउन सदुपयोग गर्नुपर्ने बताए ।



उनले द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन पाँचबुँदे सुझाव पनि प्रस्तुत गरे । चीन र जापानले एकअर्कालाई विश्वासका साथ सम्मान गर्दै राजनीतिक प्रतिबद्धतामा अडिग रहनुपर्नेमा चिनियाँ विदेशमन्त्रीले जोड दिनुभयो । उहाँले द्विपक्षीय सम्बन्ध राजनीतिक आधारशिलामा टिकेको इतिहासतर्फ इङ्गित गर्दै ताइवानलगायत प्रमुख एवम् संवेदनशील मुद्दालाई विशेषरूपमा सम्हाल्नुपर्ने बताए । चीन र जापानले पनि एकअर्कालाई सहयोग गर्नु आवश्यक भएको उनको कथन थियो । चीनले गुणस्तरीय विकासलाई प्रवर्द्धन, खुलापन विस्तार र विकासको नयाँ ढाँचालाई बढावा दिने बताउँदै चीनको साझा विकास र समृद्धिका प्रयासले ल्याएका अवसर साझा गर्न जापानलाई स्वागत छ भने । विदेशमन्त्री वाङले दुई पक्षले एकअर्कालाई इमानदारीपूर्वक व्यवहार गर्नुपर्ने तथा शान्तिपूर्ण सहअस्तित्वका लागि प्रयास गर्नुपर्नेमा जोड दिए । (रासस/सिन्ह्वा)

# एक अर्ब डलर हिनामिनामा अर्जेन्टिनी उपराष्ट्रपतिलाई छ वर्षको जेल सजाय

ब्युनसआयर्स, २१ मङ्सिर
अर्जेन्टिनाका उपराष्ट्रपति क्रिस्टिना फर्नान्डेजलाई विभिन्न परियोजनाको एक अर्ब डलर हिनामिना गरेको मुद्दामा दोषी पाइएको छ। उनलाई छ वर्षको जेल सजाय सुनाइएको छ भने सार्वजनिक पद धारणमा आजीवन प्रतिबन्ध लगाइएको छ । तीन जना न्यायाधीशको इजलासले उनलाई रकम हिनामिनामा दोषी ठहर गरे पनि आपराधिक सङ्गठन सञ्चालनको अभियोगमा सफाइ दिएको छ । उक्त सङ्गठन सञ्चालको अभियोग पुष्टि भएको भए उनलाई थप १२ वर्षको सजाय हुन्थ्यो । पदमा बहाल उपराष्ट्रपति फौजदारी अपराधमा दोषी ठहर भएको यो पहिलो पटक हो ।अदालतको फैसलालाई अस्वीकार गर्दै उपराष्ट्रपति फर्नान्डेजले आफू 'न्यायिक माफिया'को शिकार भएको टिप्पणी गरेकी छन् । साथै उनले आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनमा उम्मेदवारी नदिने घोषणा गरेकी छन् । उक्त निर्णयविरुद्धको पुनरावेदनउपर निर्णय नभएसम्म अदालतको फैसला कार्यान्वयन हुनेछैन भने उनलाई प्रशासनले पक्राउ पनि गर्न पाउने छैन । अदालतको फैसला सार्वजनिक हुनेवित्तिकै उपराष्ट्रपति फर्नान्डेजका समर्थकले राष्ट्रव्यापी हडताल गर्ने चेतावनी दिएका छन्। मङ्गबार उनीहरूले ब्यूनस आयर्सको सहरी क्षेत्र बन्द गरे भने प्रहरीले खडा गरेका अवरोधका बार हटाउँदै सङ्घीय अदालत भवन अगाडि नाराबाजी गरेका छन् । सन् २००७ देखि २०१५ सम्म राष्ट्रपतिका रूपमा देशलाई नेतृत्व प्रदान गरेकी ६९ वर्षीय फर्नान्डेजमाथि आफ्नो परिवारसँग नजिक रहेका निर्माण व्यवसायीलाई अनुचित ढङ्गले सार्वजनिक कामको ठेक्का दिएको आरोप लगाइएको थियो । अदालतको यो फैसलाले दक्षिणअमेरिकी राष्ट्रमा राजनीतिक विभाजन एवम् रक्तपात निम्त्याउने जोखिम बढाएको छ। (रासस/एपी)

# जर्मनीले संसद आक्रमणको योजना ध्वस्त

जर्मनी, २१ मङ्सिर
जर्मन प्रहरीले बुधबार राष्ट्रव्यापी छापा मार्ने क्रममा संसदमा आक्रमणको योजना बनाएको आशङ्कामा अति दक्षिणपन्थी आतङ्कवादी समूहका सदस्यहरु २५ जनालाई गिरफ्तार गरेको सरकारी अधिकारीहरुले जानकारी दिएका छन् ।
राष्ट्रव्यापी छापा मार्ने क्रममा तीन हजार भन्दा बढी सरकारी अधिकारीसहित आतङ्कारीविरुद्ध संलग्न रहेका समूहले बिहानको सयम कारबाही शुरु गरेको थिए ।
एक सय ३० भन्दा बढी सम्पत्तिहरू खोजी गरेका जनाइएको छ ।
यस कार्यलाई जर्मन सञ्चार माध्यमले ठू- ठूला प्रहरी कार्यहरु मध्ये एक भएको बताएको छ ।




'सानो सशस्त्र समूहसँग जर्मन संसदमा हिंसात्मक रूपमा जबरजस्ती गर्न ठोस तयारी गरेको' आशंका गरिएको 'रेचका नागरिक' (रेच्सबर्गर) आन्दोलनका कथित सदस्यहरूलाई लक्षितगरी छापा मारिएको अभियोजनकर्ताहरूले एक विज्ञप्तिमा बताएका छन् । पक्राउ परेकाहरुलाई पछिल्लो समय नोभेम्बर २०२१ को अन्त्यसम्ममा एउटा आतङ्कवादी समूह बनाएको आरोप लगाइएको छ । यस समूहले जर्मनीमा अवस्थित राज्य व्यवस्थालाई हटाउने र यसलाई आफ्नै प्रकारको राज्यले प्रतिस्थापन गर्ने लक्ष्य राखेको उनीहरूले जानकारी दिएका छन् । पक्राउ परेका २५ मध्ये दुई जना अस्ट्रिया र इटालीमा रहेका जनाइएको छ। रेच्सबर्गर आन्दोलनले आधुनिक जर्मन गणतन्त्रको वैधतालाई अस्वीकार गर्ने नव-नाजीहरू, षड्यन्त्र सिद्धान्तवादीहरू र बन्दुक उत्साहीहरु समावेश रहेको छ। 'संदिग्ध आतङ्कवादी योजना ध्वस्त गरेकोमा न्याय मन्त्री मार्को बुशम्यानले ट्वीटरमार्फत प्रशंसा गर्नु भएको छ । यसले जर्मनीले आफ्नो लोकतन्त्रको रक्षा गर्न सक्षम भएको देखाएको मार्कोले बताउनु भएको छ । (रासस/एएफपी)

# विश्वकप फुटबल अपडेट

# फ्रान्सका सुपरस्टार एमबापेबारे ७ रोचक तथ्य




काठमाण्डौ,मंसिर २१
शनिवारको क्वार्टर फाइनल खेलमा इङ्गल्याण्डको भेट फ्रान्ससँग हुँदैछ - अनि सबैको मनमा एकजना खेलाडी विशेषरूपमा गढेका छन् । फ्रान्सको पीएसजी क्लबका अग्रपङ्क्तिका खेलाडी किलियान एमबापे अहिलेका शायद विश्वकै उत्कृष्ट खेलाडी हुन् । बीबीसी स्पोर्ट्सले एमबापेबारे ७ रोचक किस्सा पस्किएको छ जसले उनको चामत्कारिक उदयबारे बताउँछ । सन् २०१७ मा एमबापे पीएसजी क्लबमा आबद्ध भएका हुन्। सुरुमा मोनाको क्लबले उनलाई 'उधारो'मा उपलब्ध गराएकोमा एक वर्ष पछि १८ करोड युरोमा स्थायी रूपमै उनी त्यहाँ सरे । त्यो विश्वकै दोस्रो सबभन्दा महँगो खेलाडी 'ट्रान्सफर' हो । पहिलो नम्बरमा चाहिँ सन् २०१७ मा ब्रजिलका खेलाडी नेयमार २२ करोड युरोमा बार्सिलोनाबाट पीएसजीमा लगिएको ट्रान्सफर रहेको छ । फ्रान्सको उक्त च्याम्पियन क्लबमा नेयमार तथा आर्जेन्टिनाका महान खेलाडी लियोनेल मेस्सीका साथै एमबापे खेल्छन् ।
सो क्लबका निम्ति एमबापेले २३७ खेल खेलेर १९० गोल हानेका छन् । व्यक्तिगत रूपमा उनले सन् २०१७ मा गोल्ड बोय उपाधि पनि जिते जुन उपाधि २१ वर्ष मुनिका युरोपका उत्कृष्ट युवा खेलाडीलाई दिइन्छ । दुई पटक उनी फ्रेन्च प्लेयर अफ द यर घोषित भएका छन् भने लिग १ प्लेयर अफ द यर अनि तीन पटक यङ् प्लेयर अफ द यर भएका छन् । सन् २०१८ को विश्वकपमा उनी उत्कृष्ट खेलाडी ठहरिएका थिए। लीग १ मा चार सिजनमा उनले सबभन्दा धेरै गोल गरेका छन् । अनि उनले सन् २०२० मा पहिलो पटक पीएसजीलाई च्याम्पियन्स लीग फाइनलमा पुऱ्याउन मद्दत गरे। तर सो फाइनल खेलमा बायर्न म्युनिखले उपाधि जित्यो । सन् २०१८ मा रुसमा भएको विश्वकप प्रतियोगितामा फ्रान्सले उपाधि जित्यो। त्यसबेला जम्मा १९ वर्ष उमेरका एमबापेले ४ गोल गरे । फाइनल खेलमा क्रोएशियालाई ४-२ ले हराउँदा उनले पनि गोल गरे। सन् १९५८ मा ब्राजिलका पेलेपश्चात् किशोर उमेरमै विश्वकपको फाइनलमा गोल गर्ने उनी दोस्रा खेलाडी हुन् । कतारमा जारी विश्वकपमा हालसम्म धेरै गोल गर्नेहरूको सूचीमा एमबापे अगाडि छन्। क्वार्टर फाइनल नपुग्दै उनले पाँच गोल गरिसकेका छन् ।
विश्वकपका खेलहरूमा उनले ९ गोल गरिसके। डिएगो म्याराडोनाले आर्जेन्टिनाको लागि गरेको ८ गोललाई उनले उछिनिसके । सबभन्दा कम उमेरमा विश्वकप प्रतियोगिताहरूमा ९ गोल गर्ने रेकर्ड पनि उनकै छ । एमबापेको जन्म प्यारिसको बाहिरी भेगमा भएको थियो। सानै उमेरमा स्थानीय क्लबमा खेल्न थाले । सन् २०१५ को डिसेम्बरमा मोनाकोबाट उनले खेल्न थाले। त्यतिखेर उनी १६ वर्ष ३४७ दिन उमेर पुगेका थिए। सो क्लबको इतिहासमा उनी सबभन्दा कान्छा खेलाडी भए । तीन महिनापश्चात् उनी उक्त क्लबका तर्फबाट गोल गर्ने सबभन्दा कान्छो खेलाडी पनि बने । यी दुवै कीर्तिमान उनले अघिल्ला खेलाडी टिएरी अनरीको तोडेका हुन् । पोल्याण्डलाई ३-१ ले जितेको पछिल्लो खेलमा उनको उच्च गति ३५.३ किलोमिटर प्रतिघण्टा रह्यो । त्योभन्दा अगाडि यस विश्वकपमा जम्मा ६ खेलाडीको गति त्योभन्दा धेरै थियो । सेप्टेम्बरमा लीग १ का बेला ३६ किलोमिटर प्रतिघण्टाको वेगले कुदेर उनले सो लिगमा उक्त सिजनकै रेकर्ड बनाएका थिए । यसलाई अझ बुझ्नुपर्दा जमाइकाका ओलिम्पिक विजेता धावक युसेन बोल्टको सय मिटरको दौडमा रहेको सन् २००९ को ९.५८ सेकेन्डको कीर्तिमान भनेको औसतमा ३७.५८ किलोमिटर प्रतिघण्टा हुन आउँछ । स्पेनिस ला लिगाको अग्रणी क्लबका अध्यक्ष फ्लोरेन्टीनो पेरेजसँगको लामो निकटता अनि रियल मड्रिडले प्रस्ताव गरेको प्याकेजमा सुरुमा सहमति जनाएपनि एमबापेले अन्ततः प्यारिस नछाड्ने निर्णय लिए। उनले नयाँ ३ वर्षे सम्झौता गरे । स्पेनका फुटबल विशेषज्ञका अनुसार उनलाई अनुबन्ध गर्नासाथ १५ करोड युरो दिन क्लबहरू तयार थिए । तर भविष्यमा स्पेनी वा युरोपेली प्रतियोगितामा जानसक्ने सम्भावनालाई भने एमबापेले नकारेका छैनन् । अक्टोबरमा एमबापेले सबभन्दा धेरै कमाउने फुटबलरहरूको फोर्ब्स सूचीमा नाम दर्ज गरे । मेस्सी वा रोनाल्डोबाहेकको कुनै फुटबल खेलाडी सो सूचीमा पहिलो नम्बरमा परेको ९ वर्ष यताकै उनी पहिलो हुन् । यो सिजनमा मात्र उनले झण्डै १३ करोड डलर कमाउँदैछन् । उनी सामाजिक सञ्जालमा पनि लोकप्रिय छन् । फेसबुक, इन्स्टाग्राम अनि ट्वीटरमा गरी उनका १० करोड फलोवर छन् । रोनाल्डो, मेस्सी र नेयमारसँगै उनलाई पनि २०२२ को विश्वकपमा खेल्ने सबभन्दा प्रभावशाली खेलाडी भनिएको थियो । सन् २०१८ मा विश्वकप उपाधि जितेपश्चात् उनले आफ्नो पारिश्रमिकको पूरै ३ लाख ८० हजार पाउण्ड बालबालिकाको परोपकारी संस्थालाई दिएका थिए । विविसी

# क्रिकेटमा सोमपाल कामीको ५० विकेट पूरा

२१ मंसिर, काठमाडौं । नेपाली तीव्र गतिका बलर सोमपाल कामीले एकदिवसीय अन्तर ाष्ट्रिय क्रिकेटमा ५० विकेट पूरा गरेका छन् । आईसीसी विश्वकप क्रिकेट लिग टू अन्तर्गत नामिबियासँग अहिले भइरहेको खेलमा २ विकेट लिएसँगै सोमपालले एकदिवसीय अन्तर्राष्ट्रिय करिअरको ५० विकेट पूरा गरेका हुन् ।




नेपालले एकदिवसीय अन्तर ाष्ट्रिय मान्यता पाएपछि सन् २०१८ को अगष्टमा पहिलोपल्ट नेदरल्याण्ड्ससँग शृंखला खेलेको थियो । त्यसयता ३० इनिङ्समा सोमपालले यो उपलब्धि हासिल गरेका हुन् ।एकदिवसीय अन्तर्राष्ट्रियमा ५० विकेट पूरा गर्ने सोमपाल नेपालका दोस्रो खेलाडी हुन् । यसअघि पूर्वकप्तान सन्दीप लामिछानेले एकदिवसीय अन्तर ाष्ट्रिय क्रिकेटमा ६९ विकेट लिएका छन् । सन् २०१९ को जनवरी २६ मा युएईसँगको शृंखलाका क्रममा सोमपालले ६.३ ओभर बलिङ गरी १ मेडन राख्दै ३३ रन खर्चेर ५ विकेट लिएका थिए । एकदिवसीय अन्तर्राष्ट्रियमा उनको यो उत्कृष्ट प्रदर्शन हो । सन् २०१४ देखि नेपालको राष्ट्रिय टिमबाट खेलिरहेका सोमपालले टी-२० अन्तर्राष्ट्रियमा ३८ विकेट लिएका छन् ।



**सडकमै पराल, यात्रुलाई सास्ती**

जनकपुरधामदेखि जटहीसम्मको ६ लेनको सड़क छ। तर सो सडकको दुवै पट्टिको किनारमा धानको बोझा तथा परालले ढाकिएको छ। सडकमै पराल राखेपछि आवत जावत गर्ने यात्रु तथा सवारी साधन समस्यामा परेका छन्। नेपाली कांग्रेसका वरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले यी सडक निर्माणमा ठूलो योगदान गरेका छन्। तर उनको मूल गाउँ नगराइन आउँजाउँ गर्दा यस्ता दृश्य देख्न सकिन्छ। तर समस्या समाधानको पहल कतैबाट भइरहेको छैन। वर्षोदेखीका समस्या ज्यूँका त्यूँ छन्। यो सडक हुँदै आउँने धेरै भारतीय तीर्थ यात्री खुसीले भरिएका हुन्छन्। तर, सडकको यस्तो अवस्था देख्दा दुःख मान्दछन्।

# क्यान पर्साको तेश्रो अधिवेशन
# सर्वसमतबाट कार्यसमिती चयन



मधेशदृष्टि
वीरगंज २१ मंसिर।
सूचना र प्रविधिको क्षेत्रमा काम गर्ने संस्था कम्प्युटर एशोसिएशन नेपाल (क्यान) महासंघ पर्साको पाँचौ साधारण सभा तथा तेस्रो अधिवेशन बुधवार सम्पन्न भएको छ।
महासंघ पर्साका अध्यक्ष दिपक साहको अध्यक्षतामा वीरगञ्जस्थित होटल अन्नपुर्णामा अधिवेशन तथा साधारण सभा सम्पन्न भएको हो। अधिवेशनलाई सम्बोधन गर्दै क्यान महासंघका प्रमुख निर्वाचन अधिकृत एवम् अधिवक्ता प्रमोद साहले प्रविधिको प्रयोग बढ्दै गएको हुँदा यसको महत्व पनि बढेको बताए। हरेक क्षेत्र प्रविधिमैत्री बन्दै गएको अवस्थामा आईटी क्षेत्रको महत्व बढेको हुँदा यस क्षेत्रमा आवद्ध व्यवसायीहरु एकबद्ध हुनुपर्नेमा उनले जोड दिए। प्रविधिको विकाससँगै यसको महत्व हरेक क्षेत्रमा रहेको उनको भनाई छ। प्रविधिले मानिसको दैनिकीलाई सहज बनाइदिएको उनको बुझाई छ। घरमै बसीबसी कम समय र थोरै श्रममा धेरै उपलब्धी हाँसिल गर्न आईटी सहयोगी सावित हुने उनको विश्वास छ। क्यान महासंघका केन्द्रीय सचिव भुपाल दास श्रेष्ठ, महासंघ मधेश प्रदेशका अध्यक्ष आलोक कुमार चौरसिया, मधेश प्रदेशका कोषाध्यक्ष बिनोद गुप्ता, बाराका अध्यक्ष सञ्जय केशरी, पूर्व अध्यक्ष गणेश कुमार शर्मा, निर्वाचन अधिकृत राम सर्राफ, इमामुल अहमद लगायतले क्यानको आवश्यक्तासँगै आईटीको उपयोगिता र महत्वका बारेमा आआफ्नो धारणा राखेका थिए। कार्यक्रममा महासंघ पर्साका सचिव जीवन प्रकाश गुप्ताले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। यस कार्यकालले गरेका कार्य प्रगतिका बारेमा गुप्ताले प्रकाश पारेका थिए।
कार्यक्रमको सहजीकरण क्यान महासंघ पर्साका सदस्य राहुल कुमार साहले गरेका थिए। साधारण सभा तथा अधिवेशनको उद्घाटन सत्रपश्चात नयाँ कार्यसमिति पनि चयन गरिएको छ। अधिवेशनले प्रशान्त कुमारको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसहमती रुपमा चयन गरेको हो। नव कार्यसमितिको उपाध्यक्षमा संजय सकसेना, सचिवमा जीवन प्रकाश गुप्ता, कोषाध्यक्षमा सुरज बाबु पटेल चयन भएका छन्। सदस्यहरुमा राहुल कुमार साह, राकेश कुमार साह, अर्जुन कुमार अधिकारी, विक्रम जैन र अर्जुन कुमार साह रहेका छन्। नयाँ कार्यसमितिलाई आजै प्रमुख निर्वाचन अधिकृत प्रमोद साहले प्रमाण पत्रसमेत प्रदान गरेका थिए।

# विल बिजक शंकास्पद
## ६१ लाख मुल्य बराबरको सामान प्रहरी नियन्त्रणमा

मधशेदृष्टि
वीरगञ्ज मंसिर २१ ।
जिल्ला प्रहरी कार्यालय पर्साले विल बिजक शंकास्पद देखिएको ६१ लाख मूल्य बराबरको खुद्रा लत्ताकपडा तथा औषधी लोड भएको ट्रक नियन्त्रणमा लिएको छ। गतराती बीरगन्ज महानगरपालिका वडा नं ६ लोहारपट्टी चोक स्थित सडकखण्डबाट ना.३ ख २७७ नम्बरको मालवाहक ट्रकलाई रोकीँ चेकजाचँ गर्ने क्रममा बिल बिजक शङकास्पद देखिएकाले सो ट्रक नियन्त्रणमा लिएको हो।
बिल बिजक भन्दा बढी खुद्रा लत्ताकपडा तथा औषधीहरु लिएर पोखरा तर्फ जादैँ गरेको सूचना पाउनासाथ वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको प्रहरीको टोलीले नमस्ते ट्रान्सपोर्टबाट पठाइएको सो ट्रक नियन्त्रणमा लिएको वडा प्रहरी कार्यालय विर्ताले जनाएको छ।



ट्रकमा रहेको सामाग्रीको मूल्य ६१ लाख ४६ हजार १२ रुपैयाँ कायम गरी थप अनुसन्धानका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाईएको प्रहरीले जनाएको छ।

# २२ करोड मूल्य बरावरको अवैध सामान बरामद

मधशेदृष्टि
वीरगञ्ज २१ मंसिर।
सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरीले चालु आर्थिक बर्षको साढे ४ महिनाको अवधिमा २२ करोड मूल्य बरावरको अवैध सामान बरामद गरेको छ। मधेस प्रदेश अन्तरगत विभिन्न नाकाहरुमा खटिएका सशस्त्र प्रहरीको टोलीले साढेचार महिनाको अवधिमा २२ करोड बढीको अवैध सामान बरामद गरेको हो।
सशस्त्र प्रहरी मधेस प्रदेश प्रमुख डीआईजी गणेश ठाडा मगरको विशेष निर्देशनमा आठवटै जिल्लाबाट सशस्त्र प्रहरी गस्ती टोलीले उक्त करोडौंको अवैध सामान बरामद गरेको सशस्त्र प्रहरीको मधेस प्रदेश मुख्यालयले जनाएको छ।
चालु आर्थिक वर्षको साउन महिनादेखि मंसिरको तेश्रो हप्ता सम्म २२ करोड ६ लाख , ८ हजार २ सय ४८ रुपैया बराबरको भारतबाट अवैध रूपमा भित्र्याएको कपडा, किराना, हार्डवेयर लगायत सामान बरामद गरि आवश्यक कारबाहीको लागि सम्बन्धित जिल्ला स्थित भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीका प्रदेश प्रमुख डीआईजी मगरले जानकारी दिए।
त्यसैगरी सो अवधिमा ५१ लाख,८५ हजार ३०० स्रोत नखुलेको नेपाली रुपैया ,६९ सय थान हजारको रुपैयाको नोट छाप्ने कागज र ३ हजार नक्कली नेपाली नोट बरामद भएको तथ्याङ्कमा उल्लेख गरिएको छ।
सोही अवधिमा ४० लाख १५ हजार १७५ रुपैया बराबरको राष्ट्रिय बन क्षेत्रबा तस्करी भित्र्याईएको काठ र ३६ लाख ५३ हजार ४०० बराबरको भारतबाट अवैध रुपमा ल्याउदै गरेको पशु चौपाया नियन्त्रण लिई आवश्यक कारबाहीको लागि भन्सार कार्यालय बुझाइएको डीआईजी मगरले जानकारी दिए। त्यसैगरी २० लाख,७२ हजार , ७८८ रुपिया बराबरको अबैध सुनचाँदी बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ। सो अवधीमा तस्करी लगायत विभिन्न गैरकानुनी काममा संलग्न ७८ जना अभियुक्तलाई पक्राउ गरि कानुनी कार्वाहीको दायरामा ल्याईएको मगरले बताए।

# तार व्यवस्थापन गर्न सेवा प्रदायकलाई निर्देशन



मधेशदृष्टि
वीरगञ्ज, २१ मंसिर।
वीरगञ्ज महानगरपालिकाले नगर क्षेत्रभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्न सेवा प्रदायकलाई निर्देशन दिएको छ। महानगरका प्रमुख राजेशमान सिंहले सेवा प्रदायक संस्थाका प्रतिनिधिलाई जथाभावी टांगिएका तार व्यवस्थित गर्न निर्देशन दिएका हुन्। जथाभावी टांगिएका तारका कारण नगरको सौन्दर्यता विग्रिनुका साथै दुर्घटनाको जोखिम समेत देखिएकाले व्यवस्थित गर्न महानगरले पटक पटक प्रयास गरिरहेको छ। तर सेवा प्रदायक संस्थाहरुले सहयोग नगर्दा महानगरको अभियान पूरा हुन सकिरहेको छैन। इन्टरनेट सेवा प्रदायक संस्था र केवल टिभीका प्रतिनिधिलाई बोलाएर जथाभावी टांगिएका तार व्यवस्थापन गर्न मेयर सिंहले निर्देशन दिएका हुन्। बैठकमा पहिलो चरणमा वीरगञ्जको आदर्शनगर क्षेत्रमा रहेका अव्यवस्थित तार व्यवस्थित गरेर अभियान अघि बढाउने सहमति भएको छ। अभियानलाई सार्थक बनाउन आगामी मंसिर २३ गते शुक्रबारदेखि अव्यवस्थित रुपमा छरिएका तार हटाउन सुरु गर्ने बैठकले सर्वसम्मत निर्णय गरेको महानगरको आइटी शाखाका बृजेश प्रधानले जानकारी दिए।
महानगर प्रमुख सिंहको उपस्थितिमा भएको बैठकमा स्याटेलाइट केवलका सुन्दर कुर्मी, भायोनेटका अब्दुल कलाम आजाद, वर्ल्डलिंकका दिपेश वान्तवा, सिम टिभीका जगमोहन कुमार कुशवाहा, राधेमाई केवलका सम्सुल हवारी लगायत जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो।

# रेडक्रसको स्थापना दिवसमा रक्तदान

मधेशदृष्टि
वीरगंज मंसिर २१।
नेपाल रेडक्रस सोसाईटी पर्सा शाखाले आफ्नो स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।
नेपाल रेडक्रस सोसाईटी पर्सा शाखाको ५९ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा ३ जना महिला सहित १९ जनाले रक्तदान गरेका छन्।
रगतदान गर्नेहरुमा शिवनाथ यादव, रानी कुमारी कलवार, शैलेन्द्र चौरसिया, लक्ष्मी चौधरी लगायत रहेका छन्। नेपाल रेडक्रस सोसाईटी पर्सा शाखाका सभापति विरेन्द्रराज कडैंलको अध्यक्षतामा भएको कार्यक्रमको नेपाल रेडक्रस सोसाईटी मधेस प्रदेशका अध्यक्ष फूलमहम्मद मियाँले उदघाटन गरेका थिए।



S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस्।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस्।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने।
४. १ सिजनको पूर्ण वारेन्टी भएको।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने।
८. डबल फ्लाइव्हिल जडान गरिएको।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध।
१०. I.S.O. बाट प्रमाणित भएको।
* शर्तहरु लागु हुनेछ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

बृहत निःशुल्क स्वास्थ्य शिविर
(विशेषज्ञ डाक्टरहरुद्वारा निःशुल्क उपचार)

डा. दिग्बिजय कु. ठाकुर
एम.बि.बि.एस. (नेपालगञ्ज मेडिकल कलेज, के.यू.)
एम.डि. (वीर हस्पिटल, काठमाण्डौ)
कन्सलटान्ट फिजिसियन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:10943

डा. अभय मण्डल
एम.बि.बि.एस.
एम.डि. (के.यु.) नेपाल
बाल रोग विशेषज्ञ
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:6200

डा. अनिल कुमार शाह
एम.बि.बि.एस. (के.यु.) नेपाल
एम.डि. (टि.यु.) नेपाल
नवजात शिशु तथा बालरोग विशेषज्ञ
N.M.C.No.:11493

डा. स्वाति ज्यसवाल
एम.बि.बि.एस., एम.डी. (पिजीआई, चंढीगढ)
Fellowship in infertility, New Delhi
स्त्री, प्रसुती तथा नि:सन्तान रोग विशेषज्ञ
N.M.C.No.:14019

डा. बीरेन्द्र भगत
MBBBS (BPKIHS, Dharan)
MD (PGI, Chandigarh)
Fellowship gynecologist (NAMS, Bir Hospital)
स्त्री, प्रसुती तथा क्यान्सर रोग विशेषज्ञ
N.M.C.No.:16286

डा. राजेश कुमार साह
एम.बि.बि.एस. (के.यु.)
एम.एस. (टि.यु.) नेपाल
जेनरल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
मेडिकल अधिकृत
N.M.C.No.:11070

डा. पंकज प्रताप देव
MBBS, MD
(Gold Medalist)
Gynaecologist Associate Professor
N.M.C.No.:6218

डा. सज्जन कुमार शर्मा
एम.बि.बि.एस. (के.एम.सी., काठमाण्डौ)
एम.डी. (नोबेल हस्पिटल, बिराटनगर
स्त्री तथा प्रसुति रोग विशेषज्ञ
N.M.C.No.:13652

डा.कुण्दन मिश्र
बि.डि.एस. (पटना, भारत)
डेण्टल सर्जन
जनकपुर प्रादेशिक अस्पताल
N.M.C.No.:4467

मि.दिनेश साह
आँखा सम्बन्धी
O.A.B. Optm
NHPC No.:A-476 OPT

शिविरका प्रमुख विशेषताहरुः-
१. वरिष्ठ चिकित्सक डा. दिग्बिजय कुमार ठाकुर द्वारा दम, सुगर (डाइविटिज), (प्रेसर, थाइरोइड) तथा छाती सम्बन्धी सम्पूर्ण समस्या, हृदय, मष्तिश्क (Brain), पेट सम्बन्धी सम्पूर्ण समस्या, जोर (गेठिया, बाथ) र नशा सम्बन्धी सम्पूर्ण उपचार।
२. डा. राजेश साह द्वारा विभिन्न किसिमको शल्यक्रिया सेवा।
३. डा. अभय मण्डल, डा. अनिल कुमार साह, द्वारा बालरोग उपचार सेवा।
४. डा. स्वाति ज्यसवाल, डा. बीरेन्द्र भगत, डा.सज्जन कुमार शर्मा द्वारा प्रसुतीरोग सम्बन्धी सम्पूर्ण जाँच।
५. डा. कुन्दन मिश्रा द्वारा दाँत तथा मुख रोग सम्बन्धी सम्पूर्ण उपचार सेवा।
६. हार्ड तथा जोर्नी रोग सम्बन्धी सम्पूर्ण जाँचहरु। ७. आँखा सम्बन्धी सम्पूर्ण उपचार सेवा।
८. ECG (मुटु रोगीको लागि), PFT (छाती रोगी, दम रोगीहरुको लागि), सुगर, पिसाब र बल्ड सम्बन्धी अन्य जाँचहरु। ९. नि:शुल्क प्रयाप्त औषधी पनि वितरण गरिनेछ।

सम्पर्क व्यक्ति
अशोक कुमार मण्डल Mob.:9866324295/9812053192
राम जिबन मण्डल Mob.:9864043939
सुरेन्द्र यादव Mob.:9800842888

मितिः २०७९ पुस १ र २ गते शुक्रवार र शनिवार
स्थानः कमला नगरपालिका वडा नं. १, टोल मंगराहा श्री जनता माध्यमिक विद्यालय मंगराहा ईश्वरवाडा

आयोजक
-मेदनता रिसर्च क्लिनिक प्रा.लि.
जनकपुरधाम, अस्पताल रोड
Mob.:9817810790 (Roshan)
-साना किसान सहकारी संस्था लि.
सहयोगीः- कमला युवा सञ्जाल
मिडिया पार्टनर :- मधेशदृष्टि राष्ट्रि दैनिक पत्रिका
जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्ज



डा. दिग्बिजय कु. ठाकुर

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल